Economic National Daily
# आर्थिक
राष्ट्रिय दैनिक
Aarthik Dainik Pvt.Ltd.




◆ वर्ष १६ ◆ अङ्क ४६०७ ◆ २०८२ जेठ २ गते शुक्रबार ◆ ने.सं. ११४५ ◆ पृष्ठ ८ ◆ Friday, May 16, 2025 ◆ मूल्य रु. ५/- ◆ Web: www.aarthikdainik.com




## टेरामक्स खरिद घोटाला प्रकरण

# सांसद बस्नेतसहित १८ जनाविरुद्ध मुद्दा

■ आर्थिक संवाददाता
काठमाडौं, जेठ १


अख्तियार दुरूपयोग अनुसन्धान आयोगले टेलिकम्युनिकेसन ट्राफिक मोनिटरिङ एन्ड फ्रर्ड कन्ट्रोल सिस्टम (टेरामक्स) खरिद प्रकरणमा तत्कालीन सञ्चार तथा सूचना प्रविधि मन्त्री (हालका सांसद) मोहनबहादुर बस्नेतसहित १८ जनाले भ्रष्टाचार गरेको भन्दै बिहीबार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको छ । भ्रष्टाचार मुद्दा दायर भएपछि सांसद बस्नेत निलम्बनमा परेका छन् ।

अख्तियारले तत्कालीन मन्त्री बस्नेतले आफ्नो क्षेत्राधिकारबाहिर गई एकलरूपमा निर्णय गरी कार्यान्वयनको लागि निर्देशन दिएको र सोही निर्देशनअनुसार नेपाल दूरसञ्चार प्राधिकरणका तत्कालीन पदाधिकारीहरूले एक-आपसमा मिलेमतो गरी सर्वोच्च अदालतको आदेशको समेत प्रतिकूल र प्रचलित कानुनविपरीत प्राधिकरणलाई हानीनोक्सानी गर्ने/गराउने कार्य गरेको भन्दै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको सजाय हुन मागदाबीसहित विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

अख्तियारको दाबीअनुसार दूरसञ्चार प्राधिकरणले टेरामक्सको खरिद कार्यमा परामर्शदाताको छनौट गर्दा योग्यता नपुग्ने प्रस्तावदाताको गलत प्रतिवेदन तयार गरी अनियमितता भएको छ । नागरिकको व्यक्तिगत सूचनामा पहुँच पुग्ने उक्त प्रविधि खरिद गर्नुअघि कानुनी व्यवस्था गर्न सर्वोच्चले आदेश दिएको थियो ।

आर्थिक वर्ष २०७४/०७५ को वार्षिक कार्यक्रम सहमतिको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पठाएकोमा प्राधिकरणको प्रस्तावित कार्यक्रममा समावेश नभएको टेरामक्सको विषयमा तत्कालीन मन्त्री बस्नेतले आफ्नो क्षेत्रधिकारभन्दा बाहिर गई एकल निर्णय गरी कार्यान्वयनका लागि निर्देशन दिएको अख्तियारको दाबी छ । उक्त निर्देशनको प्राधिकरणका तत्कालीन पदाधिकारीहरूले एक-आपसमा मिलेमतो गरी प्राधिकरणलाई घाटा हुने काम गराएका थिए ।





विषय: आरोपपत्र दायर गरिएको।

...रसञ्चार प्राधिकरणले Telecommunication Traffic Monitoring and Fraud Control System ...को खरिद कार्यमा परामर्शदाताको छनौट गर्दा योग्यता नपुग्ने प्रस्तावदाताको गलत प्रतिवेदन ...equest for Proposal मा सहभागी गराई छनौट गरी अनियमितता गरेको र ...tion Traffic Monitoring and Fraud Control System सञ्चालन तथा नियन्त्रण गर्न पाउने सो ...अदालतबाट उत्प्रेषणयुक्त परमादेश रिट निवेदनमा भएको आदेश अनुकुलको कुनै कानूनी ...नागरिकको व्यक्तिगत सूचनामा पहुँच पाउने गरी अनधिकृत तवरमा संरचना स्थापना गर्न ...को दुरुपयोग गरी हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको भन्ने समेत व्यहोराको उजुरीका ...न्धान हुँदा नेपाल दुरसञ्चार नियमावली, २०५४ को दफा ३४ग बमोजिम प्राधिकरणले ...७५ को वार्षिक कार्यक्रम सहमतिको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा ...करणको प्रस्तावित कार्यक्रममा समावेश नभएको TERAMOCS को विषयमा तत्कालीन मन्त्री ...नेतले आफ्नो क्षेत्राधिकार बाहिर गई एकल रुपमा निर्णय गरी कार्यान्वयनको लागि निर्देशन ...निर्देशन अनुसार नेपाल दुरसञ्चार प्राधिकरणका तत्कालीन पदाधिकारीहरुले एक आपसमा ...सम्मानित सर्वोच्च अदालतबाट रिट नं.०६९-WO-०२६८ का सम्बन्धमा मिति ...१ मा जारी भएको आदेशको प्रतिकूल र प्रचलित कानून विपरीत निम्न कार्यहरु गरी गराई ...नेपाल दुरसञ्चार प्राधिकरणलाई हानिनोक्सानी गर्ने/गराउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, ...का १७ बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि भएकोले उक्त कार्यमा संलग्न देहायका ...देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर

...न विपरीत भएका कार्यहरु:
...रसञ्चार प्राधिकरणमा विचाराधिन रही बजेट तथा कार्यक्रममा समावेश गर्ने निर्णय नभैसकेको ...nternational Call Monitoring र VOIP नियन्त्रणका लागि उपयुक्त Equipment र ...पछि TERAMOCS भनिएको) सञ्चालन गर्ने भन्ने कार्यक्रमलाई नेपाल दुरसञ्चार नियमावली, ...को दफा ३४ग को आशय विपरीत तत्कालीन मन्त्रीले पदीय अधिकारको दुरुपयोग गरी ...रुपमा आ.व.२०७४/७५ को वार्षिक कार्यक्रममा प्राधिकरणले प्रस्ताव नगरेको थप ...समावेश गरी नेपाल दुर सञ्चार ऐन, २०५३ ले गठन गरेको स्वायत संस्था नेपाल

टेरामक्स खरिद प्रकरणमा खरिद आदेश दिएको नदेखिएको वा खरिद गर्ने निर्णय नगरेका कतिपय मन्त्री तथा सचिवहरूले भने मुक्ति पाएका छन् । आयोगले बिहीबार विशेष अदालतमा तत्कालीन सञ्चार मन्त्रीसहित १६ जना व्यक्ति र दुईवटा कम्पनीलाई प्रतिवादी बनाउँदै मुद्दा दायर गरेको हो । टेरामक्स खरिद प्रकरणमा परामर्शदाता छनोट गर्दा नै योग्यता नपुग्ने प्रस्तावको गलत प्रतिवेदन तयारी गरी छनोट गरेर ठूलो रकम घोटाला भएको अनुसन्धानबाट खुलेको आयोगको जिकिर छ ।

यसअनुसार सबै प्रतिवादीहरूबाट तीन अर्ब २१ करोड ८३ लाख ७७ हजार एक सय ८२ रुपैयाँ बिगो मागदाबी गरिएको छ । यो प्रकरणमा हाल कांग्रेस सांसद बस्नेत सञ्चार मन्त्री भएको समयमा घोटाला भएको देखिएको हो । सोही आधारमा आयोगले बस्नेतसहित नेपाल दूरसञ्चार प्राधिकरणका तत्कालीन अध्यक्ष दिगम्बर झा, तत्कालीन सदस्यहरु धनराज ज्ञवाली र टीकाप्रसाद उप्रेती, प्राधिकरणका तत्कालीन अध्यक्ष पुरुषोत्तम खनाल, प्राधिकरणका निर्देशक विजयकुमार राय, उपनिर्देशक रेवती राम पन्थ, उपनिर्देशक सुरेश बस्नेत, उपनिर्देशक हिरण्यप्रसाद वस्ताकोटी, उपनिर्देशक अच्युतानन्द मिश्र, प्राधिकरणका निर्देशक सुरेन्द्रलाल हाडा, निर्देशक दीपेश आचार्य, उपनिर्देशक सन्दिप अधिकारीलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९

➤ बाँकी पृष्ठ २ मा

# बढ्यो वाणिज्य बैंकहरूको निष्क्रिय कर्जा

## ४९ खर्ब कर्जा प्रवाह भएकोमा पाँच प्रतिशत निष्क्रिय

■ सुरेश राउत
काठमाडौं, जेठ १

वाणिज्य बैंकहरूको निष्क्रिय (खराब) कर्जा पाँच प्रतिशत नाघेको छ । सञ्चालनमा रहेका २० वटा वाणिज्य बैंकहरूले चालू आर्थिक वर्षको तेस्रो त्रैमाससम्म ४९ खर्ब दुई अर्ब ६२ करोड १० लाख रूपैयाँ कर्जा प्रवाह गर्दा पाँच दशमलव शून्य पाँच प्रतिशत अर्थात् दुई खर्ब ४७ अर्ब ५८ करोड २३ लाख ६० हजार पाँच सय रूपैयाँ निष्क्रिय कर्जा देखिएको छ ।

जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा एक दशमलव १६ प्रतिशत अर्थात् ७१ अर्ब ५८ करोड ५५ लाख ३४ हजार पाँच सय रूपैयाँले बढी हो । गत वर्ष तेस्रो त्रैमासमा बैंकहरूले ४५ खर्ब २४ अर्ब ३४ करोड रूपैयाँ कर्जा प्रवाह गर्दा तीन दशमलव ८९ प्रतिशत अर्थात् एक खर्ब ७५ अर्ब ९९ करोड ६८ लाख २६ हजार रूपैयाँ निष्क्रिय कर्जा थियो ।

यस आर्थिक वर्षको तेस्रो त्रैमासमा निष्क्रिय कर्जा नबिल बैंकको एक दशमलव ५९ प्रतिशत, ग्लोबल आईएमई बैंकको चार दशमलव ९८ प्रतिशत, एभरेस्ट बैंकको शून्य दशमलव ६४ प्रतिशत र नेपाल बैंकको पाँच दशमलव ४४ प्रतिशत छ । गत अर्थिक वर्षको तेस्रो त्रैमासमा नबिलको एक दशमलव २७ प्रतिशत, ग्लोबलको एक दशमलव ७० प्रतिशत, एभरेस्टको शून्य दशमलव ७० प्रतिशत र नेपाल बैंकको चार दशमलव ८५ प्रतिशत निष्क्रिय कर्जा थियो ।

सिटिजन्स, हिमालयन, नेपाल एसबिआई र नेपाल इन्भेस्टमेन्ट मेगा बैंकमा भने पछिल्लो समय क्रमशः पाँच दशमलव ७१, सात दशमलव ६८, चार दशमलव शून्य छ र एक दशमलव ५३ प्रतिशत निष्क्रिय कर्जा छ । गत आर्थिक वर्षको सोही अवधिमा यी बैंकहरूमा यस्तो कर्जाको अनुपात क्रमशः तीन दशमलव ७६, चार दशमलव ९६, एक दशमलव ९८ र एक दशमलव १२ प्रतिशत थियो ।

यसैगरी लक्ष्मी सनराइज, कुमारी, प्राइम र एनआईसी एसिया बैंकको निष्क्रिय कर्जा क्रमशः पाँच दशमलव ८६, छ दशमलव ९६, पाँच दशमलव ६५ र पाँच दशमलव ७५ प्रतिशत छ । गत आर्थिक वर्षको सोही अवधिमा यी बैंकहरूको निष्क्रिय कर्जा क्रमशः पाँच दशमलव

➤ बाँकी पृष्ठ २ मा

**वाणिज्य बैंकहरूको निष्क्रिय कर्जा**

| वाणिज्य बैंकको नाम | आव २०८१/८२ चैत मसान्त | आव २०८०/८१ चैत मसान्त |
|---|---|---|
| नबिल बैक | १.५९ | १.२७ |
| ग्लोबल आईएमई बैंक | ४.९८ | १.७० |
| एभरेष्ट बैंक | ०.६४ | ०.७० |
| नेपाल बैंक | ५.४४ | ४.८५ |
| सिटिजन्स बैंक इन्टरनेसनल | ५.७१ | ३.७६ |
| हिमालयन बैंक | ७.६८ | ४.९६ |
| नेपाल एसबिआई बैंक | ४.०६ | १.९८ |
| नेपाल इन्भेष्टमेन्ट मेगा बैंक | १.५३ | १.१२ |
| लक्ष्मी सनराइज बैंक | ५.८६ | ५.४९ |
| कुमारी बैंक | ६.९६ | ४.९५ |
| प्राइम कमर्सियल बैंक | ५.६५ | ४.२९ |
| एनआईसी एसिया बैंक | ५.७५ | ३.०८ |
| सानिमा बैंक | ३.४२ | १.८९ |
| प्रभु बैंक | ५.०९ | ४.८१ |
| सिद्धार्थ बैंक | ४.०४ | २.५२ |
| कृषि विकास बैंक | ४.९८ | ३.३० |
| स्ट्यान्डर्ड चार्टर्ड बैंक | १.४४ | २.१४ |
| एनएमबी बैंक | ४.४७ | २.८६ |
| राष्ट्रिय वाणिज्य बैंक | ४.६९ | ४.३० |
| माछापुच्छ्रे बैंक | ४.५९ | ३.६८ |
| औसत निष्क्रिय कर्जा | ५.०५ | ३.८९ |

## देउवा दम्पतीकै फरक–फरक उम्मेदवार !

काठमाडौं, जेठ १ । नेपाल राष्ट्र बैंकमा खाली रहेको गभर्नर नियुक्तिका सन्दर्भमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र परराष्ट्र मन्त्री समेत रहेकी उनकी पत्नी आरजू राणाको छुट्टाछुट्टै उम्मेदवार भनी नाम सार्वजनिक भएपछि राजनीतिक वृत्तमा आश्चर्य प्रकट गर्न थालिएको छ ।

गभर्नर पद कांग्रेसको भागमा परेपछि सभापति देउवाले रवीन्द्रप्रसाद पाण्डेको नाम प्रस्ताव गरेका थिए, त्यतिबेला परराष्ट्र मन्त्री राणाको तर्फबाट राजेन्द्रकिशोर क्षेत्रीको नाम सार्वजनिक भएको थियो । अदालतले ६५ वर्षे उमेरहद

➤ बाँकी पृष्ठ २ मा

## पेट्रोलियम पदार्थको मूल्य घट्यो


काठमाडौं, जेठ १ । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगम सञ्चालक समितिको बैठकले शुक्रबार बिहानदेखि लागू हुनेगरी पेट्रोलमा प्रतिलिटर एक रूपैयाँ र डिजेल/मट्टीतेलमा प्रतिलिटर तीन रूपैयाँ घटाएको हो ।

मूल्य समायोजनसँगै चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज डिपो (पहिलो वर्ग) आसपासको क्षेत्रका लागि पेट्रोल प्रतिलिटर एक सय ५४ रूपैयाँ ५० पैसा, सुर्खेत र दाङ डिपो (दोस्रो वर्ग)क्षेत्रका लागि एक सय ५६ रूपैयाँ र काठमाडौं, पोखरा र दिपायल डिपो (तेस्रो वर्ग)क्षेत्रका लागि एक सय ५७ रूपैयाँ कायम भएको छ । यस्तै डिजेल/मट्टीतेल पहिलो वर्गका लागि प्रतिलिटर एक सय ३९ रूपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि एक सय ४१ रूपैयाँ र

➤ बाँकी पृष्ठ २ मा

इ–पेपर हेर्नको लागि

## प्रतिनिधिसभामा दुई प्रतिवेदन पेस



काठमाडौं, जेठ १ । प्रतिनिधिसभाको बिहीबारको बैठकमा दुई संसदीय समितिको छुट्टाछुट्टै वार्षिक प्रतिवेदन पेस भएको छ । बैठकमा अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिका सभापति राजकिशोर यादवले ‘अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको वार्षिक प्रतिवेदन, २०८२’ र कानुन, न्याय तथा मानव अधिकार समितिका सभापति विमला सुवेदीले ‘कानुन, न्याय तथा मानव अधिकार समितिको वार्षिक प्रतिवेदन, २०८१/८२’ प्रतिवेदन पेस गरेका हुन् ।

पर्यटन समितिका सभापति यादवले समितिको गठन भएदेखि हालसम्म ४० वटा बैठक सम्पन्न भएका बताउँदै ती बैठक नीति, कार्यक्रम, कार्यान्वयन र उपलब्धिको समीक्षामा केन्द्रित रहेका जानकारी दिए । उनले वैदेशिक भ्रमणलाई प्रभावकारी बनाउने, नागरिक उड्डयन प्राधिकरण र हवाई सेवा प्राधिकरणसम्बन्धी विधेयकबारे

➤ बाँकी पृष्ठ २ मा

## घट्यो सेयरबजार

काठमाडौँ, जेठ १ । पाँच कारोबार दिन देखि घट्दो क्रममा रहेको सेयरबजारले बिहीबार पनि निरन्तरता पायो । कारोबार मापक नेप्से परिसूचक आठ दशमलव ४१ अंकले घटेर दुई हजार छ सय ११ दशमलव ८५ विन्दुमा झरेको छ ।

सात अर्ब आठ करोड ३३ लाख रूपैयाँ बराबरको एक करोड ७४ लाख २३ हजार नौ सय ४३ कित्ता सेयर किनबेच भएको छ । कारोबार भएका दुई सय ४७ कम्पनीमध्ये एक सय ६४ वटाको सेयरमूल्य घटेको छ । ८२ वटा कम्पनीको सेयरमूल्य भने बढेको छ । बाँकी एक वटा कम्पनीको सेयरमूल्य स्थिर रहेको छ ।

सूचीकृत १३ समूहमध्ये होटल तथा पर्यटन, ब्यापार र म्यूचुअल फन्ड समूह बढेका छन् । बाँकी सबै समूह घटेका छन् । होटल

➤ बाँकी पृष्ठ २ मा

# प्रधानमन्त्री ओलीमाथि स्वतन्त्र निर्णय नलिन चर्को दबाब

### सत्ता साझेदारबीच शीतयुद्ध

■ आर्थिक संवाददाता
काठमाडौं, जेठ १

माओवादी अध्यक्ष प्रचण्डले धोका दिएपछि एमालेका केपी ओलीसँग कांग्रेसका शेरबहादुर देउवाले सत्ता साझेदारीको सातबुँदे सहमति गरेको एक वर्ष पुग्न नपाउँदै दुई साझेदारबीच शीतयुद्ध सुरू भएको छ । क्याबिनेट सिस्टममा प्रधानमन्त्री सर्वेसर्वा हुने परम्परालाई पन्छाएर प्रधानमन्त्री केपी शर्मा ओलीलाई ‘फ्रि ह्यान्ड’ काम गर्न अवरोध गरेर ‘खोपीको देउता’ बनाउने प्रयास सुरू भएको छ ।

प्रधानमन्त्रीको दिनगन्ती सुरू, पछिल्लो समय सरकार ढल्यो, आजै ढल्यो, भोलि ढल्छ भनेर हल्ला फैलाइएको छ । दुई तिहाइ समर्थनप्राप्त सरकार कसरी ढल्छ भन्ने कसैले खाका प्रस्तुत गरेका छैनन् तर प्रमुख प्रतिपक्षी माओवादी केन्द्रले सरकार ढल्न लागेको हल्लाको खेती गर्दै आएको छ । माओवादी अध्यक्ष प्रचण्डले नै त्यसको नेतृत्व गर्दै आएका छन् । कांग्रेसको एउटा तप्कासँग माओवादीको लोली मिल्दै गएको देखिएको छ । खासगरी उक्त समूह सुनमा जोडिएको चर्चा चल्दै आएको छ । स्वयम् प्रधानमन्त्री ओलीले पनि १४ महिनापछि सत्ता छोड्ने अभिव्यक्ति दिएर आफ्नो दिनगन्ती आफैँ गर्दै आएका छन् ।



**उच्चस्तरीय राजनीतिक संयन्त्रमा खटपट**

दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेले सत्ता साझेदारी गरेपछि सरकार सञ्चालन गर्न सजिलो बनाउन गठन गरिएको उच्चस्तरीय राजनीतिक संयन्त्रमा खटपट सुरू भएपछि कांग्रेसका प्रतिनिधि पूर्णबहादुर खड्का र गगन थापाले संयन्त्रको बैठकमा उपस्थिति जनाउन छाडेर बाहिर सरकारविरोधी अभिव्यक्ति दिन थालेका छन् र समर्थक बढाउन खोजेका छन् ।

**प्रधानमन्त्रीको निर्देशनको अवज्ञा !**

सत्ता साझेदारी धेरै

➤ बाँकी पृष्ठ २ मा

## हकदावीको सूचना

गण्डकी प्रदेश, स्याङ्जा जिल्ला, पुतलीबजार नगरपालिका, वडा नं.०७ मा बस्ने श्री जीत मान रानाको नाति, श्री भक्त बहादुर रानाको छोरा श्री धन राज रानाको मिति २०७९/११/१५ गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको वचत खाता नं. ००१०५१४०००७२९६ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमती वनीसरा रानाले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जान व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB | प्रधान कार्यालय, दरवारमार्ग, काठमाण्डौं
फोन नं.: ४३२८२२९, ५३४२५३०

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति: २०८२/०२/०२**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, विराटनगर, मोरङ्गबाट तपसिलमा उल्लेखित तपाई ऋणीले सवारी कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा मिति वि.सं. २०७९/११/१६ मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ता समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा बैंकको विराटनगर शाखा कार्यालय, मोरङ्गमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स सबारी कर्जा**

| १. ऋणीको नाम र ठेगाना | जमानीकर्ताको नाम र ठेगाना |
|---|---|
| नाम : जलाल हुसेन | नाम : आलम हुसैन |
| बाबु : वतहु मिया | बाबु : वतहु मिया |
| बाजे : जमाल मिया | बाजे : जमाल मिया |
| स्थायी ठेगाना : पकली गा.वि.स. वडा नं. ०३, सुनसरी | स्थायी ठेगाना : पकली गा.वि.स. वडा नं. ०३, सुनसरी |
| हाल ठेगाना : ईटहरी उ.म.न.पा. वडा नं. १७, पकली, सुनसरी | हालको ठेगाना : ईटहरी उ.म. न.पा. वडा नं. १७, पकली, सुनसरी |
| ना.प्र.नं. : ६३०१९ | ना.प्र.नं. : ०६३०१९/३१२६ |
| जारी मिति : २०६३/१०/२३ (प्रथम प्रतीलीपी २०७३/०६/१२) | जारी मिति : २०६३/१०/२३ (प्रथम प्रतीलीपी २०७२/०४/२७) |
| जि.प्र.का. : सुनसरी | जि.प्र.का. : सुनसरी |

**धितो राखिएको सम्पत्ति विवरण**

**धितो सुरक्षण धनीको नामः– सवारी धनी सिटिजन्स बैंक इन्टरनेसनल लि.भई ऋणी जलाल हुसेन भएको सवारी साधन ।**

| सवारीको मोडेल | दर्ता नं. | इन्जिन नं | च्यासिस नं. | बनेको साल |
|---|---|---|---|---|
| Eicher Bus 10.75H CWC PS Route Bus | Ko 1kha 5881 | E413CDGJ104703 | MC2A5HRT0GJ352618 | 2017 |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय विराटनगर, मोरङ्गमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८२/०२/१८ गते, आईतबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको विराटनगर शाखा कार्यालय, मोरङ्ग ।**

Citizens Bank
**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL

## बढ्यो....

४९, चार दशमलव ९५, चार दशमलव २९ र तीन दशमलव शून्य आठ प्रतिशत थियो । सानिमा, प्रभु र सिद्धार्थ बैंकको निष्क्रिय कर्जा क्रमशः तीन दशमलव ४२, पाँच दशमलव शून्य नौ र चार दशमलव चार प्रतिशत छ । गत आर्थिक वर्षको सोही अवधिमा यी बैंकहरूको निष्क्रिय कर्जा क्रमशः एक दशमलव ८९, चार दशमलव ८१ र दुई दशमलव ५२ प्रतिशत थियो । कृषि विकास, स्ट्यान्डर्ड चार्टर्ड र एनएमबी बैंकमा चालू आर्थिक वर्षको तेस्रो त्रैमासमा क्रमशः चार दशमलव ९८, एक दशमलव ४४ र चार दशमलव ४७ प्रतिशत निष्क्रिय कर्जा देखिएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यी बैंकहरूमा क्रमशः तीन दशमलव ३०, दुई दशमलव १४ र दुई दशमलव ८६ प्रतिशत निष्क्रिय कर्जा थियो ।

राष्ट्रिय वाणिज्य बैंक र माछापुच्छ्रे बैंकको निष्क्रिय कर्जा क्रमशः चार दशमलव ६९ र चार दशमलव ५९ प्रतिशत छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा क्रमशः चार दशमलव ३० र तीन दशमलव ६८ प्रतिशत थियो ।

## देउवा...

लगाइएको घटनालाई सदर गरेपछि उनीहरु दुवै जनाका नियुक्तिको सम्भावना टरेको थियो र त्यसपछि सभापति देउवाले राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. गुणाकर भट्टको नाम प्रस्ताव गरेको बताइएको छ । तर उनको नाममा झमेला गरेर राजीनामा नै स्वीकृत हुन नदिएपछि अहिले देउवापत्नी राणाले सञ्चालन गरेको युलेन्स इन्टरनेसनल स्कुलको साझेदार डा. विश्व पौडेलको नाम अघि सारिएको छ ।

यसरी देउवा दम्पतीले गभर्नरका लागि छुट्टाछुट्टै नाम सिफारिस गर्नुलाई राजनीतिकरूपमा राम्रो सङ्केत मानिएको छैन । गभर्नर नियुक्तिका बारेमा देखिएको यो घटनाले नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरी र पार्टी अध्यक्ष समेत रहेकी रञ्जिता श्रेष्ठबीच चल्दै आएको आन्तरिक संघर्षलाई पुनः स्मरण गराएको छ ।

## पेट्रोलियम...

तेस्रो वर्गका लागि एक सय ४२ रूपैयाँ तोकिएको निगमले जनाएको छ ।

डिपोदेखि १५ किलोमिटरसम्मका लागि उक्त खुद्रा बिक्री मूल्य लागू हुने निगमले जनाएको छ । इण्डियन आयल कर्पोरेसनबाट बिहीबार प्राप्त पेट्रोलियम पदार्थको नयाँ खरिद मूल्यअनुसार प्रतिलिटर पेट्रोलमा एक रूपैयाँ आठ पैसा र डिजेलमा दुई रूपैयाँ ८० पैसा घटेर आएकाले खुद्रा बिक्री मूल्य मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ ।

## प्रतिनिधिसभा

समितिले निर्देशन गरेको बताए ।

पशुपति क्षेत्र विकास कोषको अवस्था सुधारबारे पनि समितिले निर्देशन दिएको थियो । समितिका बैठक विभिन्न क्षेत्रका लागि महत्वपूर्ण भई सरकारका विभिन्न निकायलाई आवश्यक सुझाव, निर्देशन र ध्यानाकर्षण गराउने काम भएको सभापति यादवले बताए ।

प्रतिनिधिसभा नियमावलीअनुसार समितिको कार्यक्षेत्रभित्र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र परराष्ट्र मन्त्रालय पर्दछन् । मन्त्रालयको कार्य, प्रभावकारिता बढाउन विधि निर्माण, उत्तर विधायिक परीक्षण, बजेटको अनुगमन, निर्देशन र छलफलमार्फत गुणस्तर निर्माण गर्ने कार्यादेशमा समिति रहेको उनको भनाइ छ ।

नेपालको अन्य मुलुकसँगको कूटनीतिक सम्बन्धका विविध आयामका साथसाथै मुलुकको संस्कृति, पर्यटन र नागरिक उड्डयनको सन्दर्भमा सरकारका काम कारबाहीको निगरानी तथा समस्या समाधानका लागि सहजीकरण गर्न समिति क्रियाशील रहेको छ । दुई पक्षीय सम्बन्धलाई सुमधुर बनाउन भारतसहित अन्य मुलुकमा भ्रमण गरी अनुभव र सिकाइ आदनप्रदान गरिएको छ ।

समितिले आगामी दिनमा समितिको र मातहतका निकायको काम कारबाहीलाई थप प्रभावकारी बनाउन अनुसन्धानमूलक कार्यमा सहकार्य गर्ने, सरकारका विभिन्न निकायलाई दिएको सुझाव एवं दिर्नेशन कार्यान्वयनलाई सुनिश्चित गर्ने, सरकार र सञ्चार जगतबीच उचित समन्वय गर्ने र स्रोत साधनका लागि पैरवी गर्ने प्रतिबद्धता व्यक्त गरे ।

त्यसैगरी कानुन, न्याय तथा मानव अधिकार समितिका सभापति सुवेदीले समितिको हालसम्म ६४ बैठक र उपसमितिको ५४ बैठक गरी कुल एक सय १८ बैठक सम्पन्न गरी आवश्यक सुझाव, निर्णय र निर्देशन दिइएको जानकारी दिइन् । उनका अनुसार समितिले मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्नका लागि सरोकार भएका निकायलाई आवश्यक सल्लाह, सुझाव र निर्देशन दिएको छ ।

त्यसैगरी समितिले कानुन र न्यायको क्षेत्रमा सकारात्मक सुधार गरी लोककल्याणकारी राज्य र कानुनी राज्य स्थापनामा सरकार र सम्बन्धित निकायलाई रचनात्मक रायसल्लाह र निर्देशन गरेको प्रतिवेदनमा उल्लेख छ ।

समितिको कार्यक्षेत्रअन्तर्गत कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, न्याय परिषद्, न्याय सेवा आयोग, महान्यायाधिवक्ताको कार्यालय, मानव अधिकार, अन्तर्राष्ट्रिय सन्धिसम्झौता, शान्ति प्रक्रिया, मौलिक हकको कार्यान्वयनको अवस्था र सम्बन्धसँग सरोकार भएका विषय र निकाय पर्दछन् ।

मुलुकको शासकीय गतिविधि सञ्चालन गर्ने प्रधानमन्त्री र मानवीय व्यवहारलाई नियमन, निर्देशन, नियन्त्रण कायम गर्नेगरी समाज र राज्यलाई निश्चित मार्गदर्शन गर्न जारी गरिने कानुनी दस्ताबेज निर्माणमा समितिको महत्वपूर्ण भूमिका रहेको सभापति सुवेदीले बताइन् ।

मानव अधिकारको संरक्षण, सम्वर्द्धन गर्दै मानव अधिकार हननका घटना हुन नदिन समितिले आफ्नो क्षेत्रभित्र पर्ने निकाय र सरोकार भएकासँग छलफल गरी विभिन्न रायसल्लाह र निर्देशन दिने कार्य गर्दै आएको उनले जानकारी दिइन् ।

समितिमा प्राप्त विभिन्न चार विधेयकमाथि बृहत् छलफल गरी पारित भएको छ । समितिको कार्यक्षेत्रसँग सम्बन्धित विशिष्ट कार्य सम्पादन गर्न स्थलगत अनुगमन र विभिन्न विधेयकको अनुगनम गर्न समितिले विषयगत उपसमित गठन गरेको, बालसुधार गृहको अनुगमन, मानव अधिकारको क्षेत्रमा भएका काम कारबाहीबारे छलफल गरिएको समितिले जनाएको छ ।

समितिका सभापति सुवेदीले संसदीय समितिलाई आगामी दिनमा थप क्रियाशील बनाउन समितिमा रहेका दलबीच समन्वय र सहकार्य हुनुपर्ने, समितिलाई स्रोतसाधन सम्पन्न बनाउने गरी सरकार र समितिबीचको समन्वय र सम्बन्ध सुमधुर बनाउनुपर्ने आवश्यकता रहेको खाँचो औंल्याइन् ।

## प्रधानमन्त्री ...

टिक्दैन भन्ने सन्देश बाहिरिएपछि प्रधानमन्त्री ओलीले मन्त्री र सचिवहरूलाई दिने गरेको निर्देशन अवज्ञा हुन थालेको छ र मन्त्री सचिवको साझेदारीमा चलखेल हुन थालेको छ । सार्वजनिक खपतका लागि जस्तोसुकै भाषण गरे पनि स्वास्थ्य मन्त्री प्रदीप पोडेलले फायल पाल्ने गरेको, भूमि सुधार मन्त्री बलराम अधिकारीले सरूवामा बदमासी गरेको, पर्यटन मन्त्री बद्री पाण्डेले विदेश गएर फर्किएका नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीलाई एयरपोर्टतिरै भेट्न गएर गोप्य वार्ता गरेको, सञ्चार मन्त्री पृथ्वीसुब्बा गुरूङले अदालतको अवज्ञाकारी सूचीमा रहनुपर्ने व्यक्तिलाई च्यापेको घटना कसैबाट छिपेका छैनन् । प्रधानमन्त्री ओलीले त्यस्ता कुकृत्य गर्न कसैलाई निर्देशन दिएका पक्कै थिएनन् । प्रधानमन्त्री ओलीका निर्देशनविपरीत भएका उदाहरणस्वरूपमा यी घटना सतहमा आएका हुन् ।

**परराष्ट्र मामिलामा द्वैध नीति**

अहिले गठबन्धन सरकारको परराष्ट्र मामिलामा द्वैध नीति सुरू भएको छ । परराष्ट्र मन्त्री आरजु राणाले परराष्ट्र नीतिमा सन्तुलन मिलाउन नसकेपछि प्रधानमन्त्री ओली झनै अप्ठ्यारोमा परेका छन् र आफ्नो बाटो समाउन थालेका छन् ।

**प्रधानमन्त्री र परराष्ट्र मन्त्रीको समानान्तर एनआरएन**

अदालतको परमादेशपछि गरिएको भनिएको एनआरएनएको एकता महाधिवेशनको नाममा वैधानिकता प्रदान गरेर परराष्ट्र मन्त्री राणाले आफ्नो हित रक्षा गरेपछि प्रधानमन्त्री ओलीको आशीर्वाद पाएर यसअघि निर्वाचन जितेको बद्री केसी पक्ष आफ्नो अडानबाट टसको मस भएको छैन । परराष्ट्र मन्त्री राणाले माओवादी पक्षसँग हातेमालो गरेर आफ्नो हितरक्षा गर्न खोजेको आरोप लागेको छ । एनआरएनका नाममा दुवै पक्षले आ–आफ्नो दुनो सोझ्याउन खोजेपछि त्यसको छाया सत्ता साझेदारीमा पनि देखिन थालेको हो ।

**नयाँ राजनीतिक ध्रुवीकरणको सुरुवात**

पछिल्लो समय सत्ता साझेदार कांग्रेस र एमालेका नाममा नयाँ राजनीतिक ध्रुवीकरण सुरू भएको छ । एमालेप्रति माकुने समूह नरम हुन थालेको छ र राप्रपाले आफ्नो ठाउँ खोज्न थालेको छ । रवि लामिछानेको (रास्वपा) पनि भित्री संवादमा रहेको बुझिएको छ भने, माओवादीले दुवैतिर खुट्टा उचालेको बताइएको छ । सत्ता साझेदार दुई दल कांग्रेस र एमाले दुई ध्रुवतर्फ लम्किएका छन् र साना दलहरूले त्यसमा आफ्नो आश्रयस्थल खोज्न थालेका छन् । अहिले सत्तामा जान नपाएमा आगामी निर्वाचनमा अस्तित्व जोगाउनुपर्ने भएकाले माओवादीलगायतका साना दल दुईमध्ये एकतिर टाँसिने बाटो खोज्न लागेका छन् ।

**सुरक्षा निकायमा द्वैध सत्ता**

सत्ता गठबन्धनमा सुरू भएको खटपटको लक्षण बाहिरिएसँगै सुरक्षा निकायमा द्वैध सत्ता बाध्यता थोपरिएको छ र प्रधानमन्त्रीको आदेश टेर्ने कि गृहमन्त्रीको आदेश मान्ने भन्ने समस्या देखिएको छ । यही चेपुवामा परेपछि नेपाल प्रहरीका एक उच्च अधिकारी प्रधानमन्त्रीले तपाईंलाई पत्राउ गर्नू भनेर भनेको भनी सुनकाण्डमा वर्षमान पुनलाई सूचना दिन पुगेको कुरा अहिले एक तहसम्म चर्चामा छ । सत्ता गठबन्धनमा समस्या देखिएपछि सुरक्षा निकायमा पनि छाया परेकोले त्यसको प्रत्यक्ष असर सेवामा पर्दै गएको छ ।

**जाँदाजाँदै जगन्नाथ**

सत्ता गठबन्धनमा समस्या देखिन थालेपछि सत्ता छाड्नुपर्ने भएकाले आफ्नो हात जगन्नाथ गर्ने प्रवृत्ति बढ्दै गएको छ । अर्को पटकको मौका नदेख्नेले अन्तिम पटक ठानेर जे पायो त्यही गर्ने बाटो खोज्न थालेका छन् ।

## टेरामक्स.....

को दफा १७, बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ मा भएको पहिलो संशोधनपूर्वको दफा ३ को उपदफा (१) को (झ) एवं संशोधनपश्चात्को दफा ३ को उपदफा (१) को (ज) बमोजिम कैद र जरिवाना गरी बिगो सोही ऐनको दफा १७ बमोजिम असुलउपर हुन मागदाबी लिइएको आयोगले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

आयोगले परामर्शदाता भानराइज सोलुसन एसएएल र त्यसका मुख्य व्यक्ति तथा प्रमुख कार्यकारी अधिकृत जमल अनौती, भानराइजका लोकल एजेन्ट भनिएका कनेक्सन ट्रेड लिंक प्रालि र त्यसका अध्यक्ष दिलिपकुमार गुरूङ तथा निर्देशक तेजप्रसाद खरेलविरूद्ध पनि मुद्दा दायर गरेको छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २३ को प्रावधानबमोजिम सोही ऐनको दफा २२ बमोजिम लाभ प्राप्त गर्ने प्रकृतिको मतियारको भूमिका निर्वाह गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्य गर्ने मुख्य कसुरदारको सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम मुख्य कसुरदारसरह नै सजाय हुन मागदाबी गरिएको आयोगको भनाइ छ ।

अख्तियारका अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ एवं दूरसञ्चार प्राधिकरण खरिद नियमावल, २०७३ को विनियम ६ र विनियम ९ बमोजिम टेरामेक्स खरिद कार्यको पूर्वतयारी गरेको थिएन भने सोही ऐनको दफा ५ एवं दूरसञ्चार प्राधिकरणको खरिद विनियमावली २०७३ को नियम १३, विनियम १५ र विनियम १६ बमोजिम लागत अनुमान पनि तयार गरिएको थिएन । कसैले ल्याएको योजनाअनुसार उक्त निर्णय गराउन तत्कालीन मन्त्री बस्नेतले महत्वपूर्ण भूमिका खेलेको अख्तियारको जिकिर छ ।

## घट्यो...

तथा पर्यटन समूह चार दशमलव ९१ प्रतिशत बढेको छ ।

सबैभन्दा धेरै विकास बैंक समूह दुई दशमलव १२ प्रतिशत घटेको छ । त्यसपछि अन्य समूह एक दशमलव १४ प्रतिशत घटेको छ । यस्तै, फाइनान्स समूह शून्य दशमलव ७९ प्रतिशत, जलविद्युत समूह शून्य दशमलव ६५ प्रतिशत, उत्पादन तथा प्रशोधन शून्य दशमलव ४५ प्रतिशत, जीवन बीमा शून्य दशमलव ४१, निर्जीवन बीमा शून्य दशमलव ४०, बैंकिङ शून्य दशमलव ३० प्रतिशत घटेको छ ।

## निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

बिलट अधिकारिको नाति, रामलखान यादवको छोरा, धनुषा जिल्ला, रमदैया गा.वि.स. वडा नं. १ (हाल धनुषा जिल्ला, छिरेश्वरनाथ न.पा. वडा नं. २) बस्ने जोगेन्द्र यादव (ना.प्र.नं. ७६९०००८०, जि.प्र.का. धनुषा) ले यस बैंकको सखुवा, महेन्द्रनगर शाखामा बचत खाता संचालन गर्दै आउनु भएकोमा निज खातावाला जोगेन्द्र यादवको मिति २०८१/०९/१८ मा निधन भएकोले यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाउँ भनी निज मृतकको छोरा नरेश यादवले मिति २०८२/०१/१७ मा निवेदन पेश गरेको हुँदा यस बैंकमा रहेको उल्लेखित खातामा भएको रकममा अरु कसैको प्रमाणिक हकदाबी भए "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा १११ (२) बमोजिमको अग्राधिकारवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुद प्रमाण सहित यस बैंकमा हकदाबी गर्न आउनु होला । अन्यथा निवेदकको माग दाबी बमोजिम भुक्तानीको प्रक्रिया अघि बढाईने व्यहोरा सूचित गरिन्छ ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, सखुवा, महेन्द्रनगर

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP*) प्रकाशनको सूचना

यस कम्पनीले पैठारी गरेको देहायको मालवस्तुको अधिकतम खुद्रामूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

| S.N. | Model | COO | Dimension | Capacity | MR Price |
|---|---|---|---|---|---|
| 1 | SONY Video Camera PXW-Z280 | CHINA | (178.4x202x426.3) mm | 3CMOS 1/2" Sensor | 14,50,000/- |

विक्रेता/फर्मको नामः Smart Enterprises Pvt. Ltd. भ्याट नं. : 500097447
ठेगानाः न्यूरोड, फोन नं.: 01 5354488 एक्जिम कोडः 5000974470143NP

## सांस्कृतिक संस्थान
**जमल, काठमाडौं**

## कर्मचारी सेवा करार सम्बन्धी सूचना

**प्रकाशित मितिः२०८२/०२/०२**

यस सांस्कृतिक संस्थानको लागि नृत्य कलाकार, सहायक पाँचौं, तह-५ करार सेवामा १ जना कर्मचारी आवश्यक परेको हुँदा संस्थानको विनियमावली अनुसार योग्यता पुगेका उम्मेदवारहरुले ५ दिन भित्र निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।साथै यो सूचना सांस्कृतिक संस्थानको वेबसाइट www.sanskritiksansthan.gov.np मा समेत हेर्न सकिने छ ।

## मेचीनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**इटाभट्टा, झापा**
**कोशी प्रदेश, नेपाल**

## शिलबन्दी दरभाऊपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मिति :२०८२/०२/०१**

मेचीनगर नगरपालिकाको कार्यालयबाट तपसिल बमोजिमको लागि दोस्रो पटक मिति २०८२/०२/०१ गते https://www.bolpatra.gov.np/egp मा ई-बिड मार्फत सूचना आव्हान भएको हुदा आवश्यक कागजपत्रहरु संलग्न राखी रु १००० (एक हजार मात्र) पछि फिर्ता नहुने गरि श्री नेपाल बैंक लिमिटेड काकरभिट्टा शाखामा रहेको यस कार्यालयको नाममा रहेको अन्तरिक राजस्व खाता न १०६०३००००१००१००००१ मा नगद जम्मा गरि ई-बिड को माध्यमबाट मात्र दरभाऊपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ थप सूचना

तपसिल :

| क्र. स. | सिलबन्दी दरभाउपत्र प्रकाशित मिति | सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति | ठेक्का न | योजनाको नाम | लागत अनुमान (मु.अ.कर कन्टिनजेंसी र PS समेत) | खरिद को किसिम | बिड सेक्युरिटि रु |
|---|---|---|---|---|---|---|---|
| १. | २०८२/०२/०१ | २०८२/०२/१६ | 71/Bishwanathmarga&Rajbansibhawan/SQ/Mechi/2081/082 | Rajbanshi Samaj Samudhaik adhuro bhawan nirman tatha bishwanath marga adhuro block nirman,Mechinagar-07 | १९,९२,०३८.०३ | Works SQ | ५५,०००.०० |

अग्नि प्रसाद अधिकरी
प्रमुख प्रशासकिय अधिकृत

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८२/०२/०२

यस कम्पनीको मिति २०८२/०१/२० मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **डिभाईन इङ्गलिस मिडियम स्कूल सर्लाही प्रा.लि.(प्रा.लि.नं.११२४९१)** को नाममा रहेको सम्पूर्ण चल–अचल सम्पत्ति तथा तिर्नु–व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०१/२५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **श्रीराम उद्दार पाठशाला प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।

# सिडरगेट नेपालमा एमच्यामको मेम्बर लर्निङ सिरिज




**आर्थिक संवाददाता**
काठमाडौं, जेठ १

अमेरिकी चेम्बर अफ कमर्स इन नेपाल (एमच्याम)ले आफ्नो सदस्य संस्था सिडरगेट नेपालमा मेम्बर लर्निङ सिरिज आयोजना गरेको छ । एमच्यामका सदस्य संस्थाका प्रतिनिधिलगायतको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको एमच्यामले जनाएको छ ।

एमच्यामले आफ्ना सदस्य संस्थाबीच सम्बन्ध तथा सञ्जाल विस्तार तथा त्यसबारे प्रत्यक्ष जानकारी लिने उद्देश्यले मेम्बर लर्निङ सिरिज आयोजना गर्दै आएको छ । यसअन्तर्गत यसपटक स्वास्थ्य क्षेत्रमा प्रविधिका माध्यमबाट परिवर्तन ल्याउने उद्देश्यका साथ काम गरिरहेको सिडरगेट नेपालमा यो कार्यक्रम आयोजना गरिएको एमच्यामले जनाएको छ । सिडरगेटका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत (सीईओ) डेबिड बि स्नो जुनियरको नेतृत्वमा स्थापना भएको कम्पनीले प्रविधिको माध्यमबाट मूल्यमा आधारित स्वास्थ्य सेवामा रूपान्तरण ल्याउने लक्ष्यका साथ काम गर्दै आएको छ ।

कम्पनीले आफ्नो सबैभन्दा ठूलो सम्पत्ति कार्यरत प्रतिभाशाली र प्रेरणादायी कर्मचारी भएको बताएको छ । स्वास्थ्यसम्बन्धी संवेदनशील जानकारीसँग काम गर्ने भएकाले सिडरगेटले सुरक्षा प्रणालीलाई पहिलो स्थानमा राखेको छ । कम्पनीले कर्मचारीका लागि स्वास्थ्य सुविधा उपलब्ध गराएको छ । यसमा बीमा योजना, वार्षिक स्वास्थ्य परीक्षण, छिटो परामर्शका लागि क्लिनिक, आवश्यक स्वास्थ्य सेवा दिने इन-हाउस डाक्टर तथा स्तनपान गराउने आमाका लागि 'ल्याक्टेसन रूम'लगायतका सुविधा उपलब्ध गराइएको कम्पनीको भनाइ छ ।

सिडरगेटले काम र मनोरञ्जनको सन्तुलनलाई महत्व दिएको जनाएको छ । कम्पनीले तनाव व्यवस्थापनका लागि इन्डोर गेमको पनि सुविधा उपलब्ध गराएको जनाएको छ । कम्पनीमा हाल आठ सय कर्मचारी कार्यरत छन् । कम्पनीले कर्मचारीका लागि नियमित पिक-अप र ड्रप-अप सेवा पनि उपलब्ध छ ।

# आर्क्स ग्रुपद्वारा हारती टुर्सलाई १८ जुबाओ भ्यान डेलिभरी

**आर्थिक संवाददाता**
काठमाडौं, जेठ १



नेपालका लागि जुबाओ विद्युतीय भ्यानको आधिकारिक बिक्रेता आर्क्स ग्रुपले भ्यान बिक्रीमा आक्रामक सुरूवात गरेको छ । कम्पनीले भित्र्याएका १४ सिटे विद्युतीय भ्यानप्रति प्रारम्भिक दिनमै व्यवसायीको आकर्षण बढेको पाइएको छ ।

नेपालको सडकको अवस्था तथा सेवाग्राहीको आवश्यकतालाई मनन् गर्दै लामो समयको अध्ययन अनुसन्धानपछि जुबाओ विद्युतीय भ्यान भित्र्याएको आर्क्स ग्रुपले पहिलोपटक १८ वटा भ्यान एउटै कम्पनीलाई हस्तान्तरण गरेको छ । आर्क्स ग्रुपले राजधानीमा विशेष कार्यक्रमको आयोजना गरी स्वयम्भु हारती टुर्स एन्ड ट्राभल्स प्रालिलाई जुबाओ भ्यान हस्तान्तरण गरेको हो । स्वयम्भु हारतीले यी भ्यानहरू काठमाडौंबाट चितवन, हेटौंडा, वीरगञ्जलगायतका स्थानमा सार्वजनिक यातायातका रूपमा सञ्चालन गर्ने जनाएको छ । जुबाओ ईभी थ्यान चीनको एफएडब्लु जिलिन् कम्पनीद्वारा उत्पादन गरिएको एक अत्याधुनिक इलेक्ट्रिक गाडी हो ।

जुबाओ विद्युतीय भ्यान विशेषगरी समूह यात्रा, सटल सेवा र व्यावसायिक यातायातका लागि उपयुक्त रहेको जनाइएको छ । नेपालमा पनि जुबाओ भ्यान विभिन्न सहरमा आफैँ सञ्चालन गरेर यसको क्षमता हेरी किन्ने निष्कर्षमा पुगेको स्वयम्भु हारतीका सञ्चालकले बताएका छन् । यो गाडीले वातावरणमैत्री र न्यून सञ्चालन खर्चका साथ यात्रामा आरामदायक सुविधा प्रदान गर्ने तथा यो भ्यान, हरित र दिगो यातायातको उत्कृष्ट विकल्प बनेको कम्पनीको दाबी छ । जुबाओ ईभी भ्यान नेपाली बजारमा आर्क्स ग्रुपको पूर्ण प्रतिबद्धता साथ प्रस्तुत गरिएको र यो गाडीले यातायातको गुणस्तर सुधार गर्दै, वातावरण संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ र नेपाललाई दिगो र हरित भविष्यतर्फ अघि बढाउने जनाइएको छ ।

आर्क्स ग्रुपका अध्यक्ष राजेशकाजी श्रेष्ठले जुबाओ ईभी भ्यान हाल ११ र १४ सिटमा उपलब्ध रहेको र नेपालको सडकको अवस्था, चार्जिङ स्टेसन तथा सेवाग्राहीको सुविधालगायतका पक्षलाई अध्ययन गरी सुलभ मूल्यमा उपलब्ध गराइएको जानकारी दिए । जुबाओ ईभी भ्यान काठमाडौं उपत्यकासँगै धनगढी, नेपालगञ्ज, बुटवल, सुर्खेत, पोखरा, चितवन, इटहरी र बिर्तामोडमा पनि उपलब्ध हुने र यसको सर्भिसलगायत पार्टस् ती क्षेत्रमा पनि सहजरूपमा उपलब्ध हुने कम्पनीले जनाएको छ ।

## ब्रिटिस काउन्सिलको सहयोगमा 'पेटका केही कुरा'को प्रदर्शनी

काठमाडौं जेठ १ । ब्रिटिस काउन्सिलको सहयोगमा 'पेटका केही कुरा' को प्रदर्शनी हुने भएको छ । पुस्तौँदेखि आमा-छोरीको सम्बन्धमा आकार दिने मिलन र बिछोडका अनेकौं आयामहरूलाई समेटेर कला प्रबन्धक (आर्ट क्युरेटर) बुनु ढुङ्गानाले तयार गरेको 'पेटका केही कुरा' (सम थिङ्स इन द बेल्ली) मल्टिमिडिया प्रदर्शनी काठमाडौंमा हुन लागेको हो ।

प्रदर्शनी काठमाडौं बबरमहलमा रहेको नेपाल कला परिषद्मा शुक्रबार आयोजना हुनेछ । यो प्रदर्शनी, ब्रिटिस काउन्सिलको सहयोगमा लक्स तथा आर्ट साउथ एसिया प्रोजेक्टले आर्ट एक्सचेन्ज: मुभिङ इमेज साउथ एसिया कार्यक्रमअन्तर्गत आयोजना गरेका हुन् । नेपालका कलाकार तथा कला व्यवसायीहरूका लागि अवसर सिर्जना गर्ने र बेलायतको कला क्षेत्रमा उनीहरूको सम्बन्ध स्थापित गराउने प्रतिबद्धतासँगै ब्रिटिस काउन्सिलले बुनु ढुङ्गानालाई 'आर्ट एक्सचेन्ज: मुभिङ इमेज साउथ एसिया' कार्यक्रममा सहभागी हुन सहयोग गरेको थियो ।

# इटहरीमा घर निर्माणसम्बन्धी नि:शुल्क प्राविधिक परामर्श

काठमाडौं, जेठ १ । स्किल सेवाले घर निर्माणसम्बन्धी एक दिवसीय निःशुल्क प्राविधिक परामर्शसहित भिआर प्रविधि प्रदर्शन गर्ने भएको छ । आगामी शनिबार रोयल रिसोर्ट होटलमा प्राविधिक परामर्श सेवा प्रदान गरिने भएको हो ।




घर निर्माण मात्र नभई समस्यारहित, दिगो, सुरक्षित घर कसरी निर्माण गर्ने भन्ने बारेमा विशेष परामर्श सेवा दिइने कम्पनीले जनाएको छ । परामर्शको लागि स्किल सेवाको प्रमुख कार्यालयबाट संस्थापन समूह नै इटहरीमा हुनेछन् । इटहरीमा बनेको प्रायः नयाँ घरहरूमा नै सिपेज, लिकेज र क्र्याकजस्ता समस्याहरू बढी देखिएकाले इटहरी जिल्लामा यस कार्यक्रम आयोजना गरिएको इटहरी शाखा प्रबन्धक सुगन्ध मिश्रले बताए । पछिल्लो समय घर निर्माण गर्नु हाम्रो सपना, मान सम्मान, प्रतिष्ठा र शौखको विषय बनेको कम्पनीका इटहरी शाखा प्रबन्धक सुगन्ध मिश्रले बताए ।

जीवनभरको मेहनतको कमाईले घर निर्माण गरिने र घर निर्माण सम्पन्न भएको पाँच महिना नबित्दै घरमा सिपेज, भित्ता चर्कने, पेन्ट उप्कनेजस्ता विविध समस्या देखिने गरेका छन् । यस्ता विषयवस्तुको बारेमा विस्तृत प्राविधिक परामर्श सेवा दिनका लागि घरको डाक्टर उपनामले परिचित यस कम्पनीले परामर्श कार्यक्रम गर्न लागेको हो । घर निर्माण गर्ने योजना भएका वा घर निर्माण गरिरहेको वर्ग परामर्श सेवाबाट फाइदा लिन सक्ने छन् । घर निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू, घर निर्माण गर्दा हामीबाट हुने कमी कमजोरी एवं प्रक्रियागत त्रुटिको बारेमा ध्यान नर्दिंदा विभिन्न किसिमका जोखिमहरू आउने गरेका छन् ।

जग्गा छनौट, नक्सा पास, निर्माण कार्यको जिम्मा, निर्माण सामग्री छनौट, निर्माण सामग्रीको गुणस्तर आदि जस्ता सामान्य तर संवेदनशील कुरामा ध्यान दिनु आवश्यक हुने कम्पनीले जनाएको छ । कम्पनीले समस्यारहित घर निर्माणका लागि यस्ता निःशुल्क परामर्शहरू दिने गरेको छ । कम्पनीले ४५ हजार भन्दा बढी घरहरूको चेकजाँच गरिसकेको समेत व्यवस्थापक प्रशान्त प्रधान बताउँछन् ।

# भिभो भी ५० लाइट नेपाली बजारमा आउँदै

**आर्थिक संवाददाता**
काठमाडौं, जेठ १




नेपाली स्मार्टफोन बजारमा भिभोले आफ्नो नयाँ स्मार्टफोन भिभो भी ५० लाइट छिट्टै सार्वजनिक गर्ने तयारी गरिरहेको छ । यसमा समेटिएको बहुप्रयोगी विशेषता, शक्तिशाली प्रदर्शन र प्रिमियम डिजाइनले यो स्मार्टफोनलाई प्रतिस्पर्धात्मक बजारमा अलग पहिचान दिन सक्ने संकेत गरेको छ ।

भिभो भी ५० लाइटमा ६५०० एमएएचको ब्लु वल्ट ब्याट्री हुने जनाइएको छ । यसले ९० वाट फ्ल्यास चार्ज सपोर्ट गर्नेछ । यस्तो ब्याट्रीले एकै चार्जमा दिनभर साथ दिने र पावर बैंकको झन्झटबाट छुटकारा दिलाउनेछ । यति शक्तिशाली ब्याट्रीका बाबजुद, यो फोन सिर्फ ७.७९ एमएमको अल्ट्रा-स्लिम प्रोफाइलमा आउने अनुमान गरिएको छ, जसले डिजाइन र शक्तिबीचको सन्तुलन कायम राख्नेछ । भिभो भी ५० लाइटमा मिडियाटेक डिमेन्सिटी ६३०० वा स्नापड्रागन ६८५ चिपसेट रहने अनुमान गरिएको छ, जसले गेमिङ गर्दा होस् वा मल्टिटास्किङ सहज अनुभव प्रदान गर्नेछ ।

साथै, यसमा कम्प्रिहेन्सिब कुसनिङ डिजाइन, एसजीएस ५ स्टार ड्रप रेसिस्टेन्ट र मिलेट्री ग्रेड सटिफिकेसनजस्ता टिकाउपन र सुरक्षा सुनिश्चित गर्ने विशेषता समावेश गरिएको छ । भिभो भी ५० लाइट ७.७९ एम एमको अल्ट्रा-स्लिम प्रोफाइलमा आउने कम्पनीले जनाएको छ । यसमा १२० हर्ज अल्ट्रा भिजन पि-ओलेड पञ्च-होल डिस्प्ले, अल्ट्रा-न्यारो बेजल्स र फ्ल्यागसिप लेभल फिनिस हुनेछ । एसजीएस लो ब्लु-लाइट सर्टिफिकेसनले आँखाको सुरक्षा सुनिश्चित गर्नेछ भने १८००-निट्सको पिक ब्राइटनेसले बाह्य उज्यालोमा पनि प्रष्ट दृश्य देखिनेछ ।

भिभो भी ५० लाइटमा ५० एमपी सोनी आई एम एस आठ सय ८२ मुख्य क्यामेरा रहनेछ, जसको औरा लाइट पोर्टेट सुविधाले कम उज्यालोमा पनि उत्कृष्ट तस्वीर खिच्न सकिनेछ । ३२ एम पी अल्ट्रा क्लियर फ्रन्ट क्यामेरा र एआई इमेज स्टुडियोमा रहेको एआई इरेज र एआई फोटो इनह्यान्सजस्ता स्मार्ट टुल्सले फोटो सम्पादनलाई अझ सहज बनाउनेछन् । भिभो भी ५० लाइटका यी सबै विशेषताहरूले नेपाली स्मार्टफोन प्रयोगकर्तामा उत्साह थपेको छ । यो फोनले शैली, शक्ति र स्मार्ट प्रविधिको त्रिवेणीको रूपमा नेपाली बजारमा नयाँ मापदण्ड स्थापना गर्ने अपेक्षा गरिएको छ ।


## निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

सन मान खत्रीको नाति, जित बहादुर खत्रीको छोरा, खोटाङ जिल्ला, डिकुवा गा.वि.स. वडा नं. ९ (हाल खोटाङ जिल्ला, हलेसी तुवाचुङ न.पा. वडा नं. २) बस्ने धिर बहादुर खत्री (ना.प्र.नं. ५१/२३६३, जि.प्र.का. खोटाङ) ले यस बैंकको हलेसी शाखामा बचत खाता संचालन गर्दै आउनु भएकोमा निज खातावाला धिर बहादुर खत्रीको मिति २०८०/०९/१५ मा निधन भएकोले यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाउँ भनी निज मृतकको श्रीमती धन कुमारी खत्रीले मिति २०८२/०१/१५ मा निवेदन पेश गरेको हुँदा यस बैंकमा रहेको उल्लेखित खातामा भएको रकममा अरु कसैको प्रमाणिक हकदाबी भए "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा १११ (२) बमोजिमको अग्राधिकारवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुद प्रमाण सहित यस बैंकमा हकदाबी गर्न आउनु होला । अन्यथा निवेदकको माग दाबी बमोजिम भुक्तानीको प्रक्रिया अघि बढाईने व्यहोरा सूचित गरिन्छ ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, हलेसी



PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय: पाल्पारोड बुटवल, रुपन्देही
फोन नं.: ०७१-५४१६९४/९५/९६

को

## शाखा कार्यालय पाल्पारोड बुटवल, रुपन्देहीको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/०२/०२ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय पाल्पारोड बुटवल, रुपन्देहीबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ दिने सार्वजनिक सूचना मिति २०८१/१२/२१ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरूको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

**ऋणीको विवरण**

कलाधर सुवेदीको नाति, देबी प्रसाद सुवेदीको छोरा रुपन्देही जिल्ला, तमनगर गा.वि.स/न.पा वडा नं. १ स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १२ बस्ने **पवन राज सुवेदी (ना.प्र.प.नं. ६९३, रुपन्देही)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. देबी प्रसाद सुवेदीको बुहारी, पवन राज सुवेदीको पत्नी रुपन्देही जिल्ला, बुटवल गा.वि.स/न.पा वडा नं.१४ स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १२ बस्ने **तुल्सी सुवेदी (ना.प्र.प.नं. ३७२०२४/५०७९२, रुपन्देही)**
२. देबी प्रसाद सुवेदीको नातिनी, पवन राज सुवेदीको छोरी रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भएको **अन्जली सुवेदी (ना.प्र.प.नं. ३७-०२-७४-०४६४८, रुपन्देही)**
३. देबी प्रसाद सुवेदीको नाति, पवन राज सुवेदीको छोरा रुपन्देही जिल्ला, बुटवल गा.वि.स/उ.म.न.पा वडा नं. १४ स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १२ बस्ने **अमृत सुवेदी (ना.प्र.प.नं. ३७-०२-७१-१३८७६, रुपन्देही)**
४. देबी प्रसाद सुवेदीको नाति, पवन राज सुवेदीको छोरा रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भएको **अजित सुवेदी (ना.प्र.प.नं. ३७-०२-७६-०१५६०, रुपन्देही)**

**धितोमा रहेको सम्पतिको विवरण**

**बिष्णु कुमारी सुबेदीको** नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला सेमलार गा.वि.स./न.पा. वडा नं. २ स्थित कित्ता नं. ४१३३, १९९६, ४१३० र ३५१६ को क्रमश: क्षेत्रफल ०-०-१४.५०-०, ०-०-७.२५-०, ०-०-०.२५-० र ०-०-१.७५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत ।

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम मिति २०८२/०२/०२ गते शुक्रबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय पाल्पारोड बुटवल, रुपन्देहीबाट प्राप्त गर्न सकिनेछ।
२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
४. शिलबन्दी बोलपत्र मिति २०८२/०२/१६ गते शुक्रबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय पाल्पारोड बुटवल, रुपन्देहीमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
५. शिलबन्दी बोलपत्र मिति २०८२/०२/१७ गते शनिबार सार्वजनिक बिदा परेकोले २०८२/०२/१८ गते आइतबार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय पाल्पारोड बुटवल, रुपन्देहीमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय पाल्पारोड बुटवल, रुपन्देहीबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
८. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय पाल्पारोड बुटवल, रुपन्देहीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

Economic National Daily
आर्थिक
राष्ट्रिय दैनिक

## सम्पादकीय


# आर्थिक अनुशासनहीनताको उत्कर्ष

प्रत्येक पछिल्ला वर्ष सरकारी ढुकुटीबाट हुने खर्चमा व्यापकरूपको आर्थिक अनुशासनहीनता बढ्ने गरेको देखिएको छ । उत्कर्षमा पुगेको बेरूजुको चाङले वर्षमा हुने कुल वार्षिक बजेटको अंकभन्दा पनि बेरूजु बढेकोबढ्यैजस्तो हुँदैछ । सुरूमा बजेट जति अंकको आए खर्च भने १२-१४ खर्बको बीचमा रहेन गरेको अवस्था छ । महालेखापरीक्षकको कार्यालयले जेठ मसान्तका दिन सार्वजनिक गरेको आफ्नो ६२औँ प्रतिवेदनमा बेरूजु अवस्थाजस्तो देखियो । यदि त्यो फर्स्यौट हुने हो भने विगतका वर्षहरूमा हुने गरेको कुल यथार्थ खर्चका लागि पूरा एक वर्ष पुग्नेछ । सरकारी ढुकुटीको सहीरूपले परिचालन हुने थियो भने यो अवस्था आउने थिएन । आर्थिक परिचालन सबैभन्दा अनुशासनमा वस्तुपर्ने विषय मानिन्छ । तर सबैभन्दा अनुशासनहीनता नै यही आर्थिक परिचालनमा हुने गरेको यो दृष्टान्त हुनपर्छ । कारोबार गर्दा रहलपहल होलान् । त्यसलाई समयमा नै नियमितता गर्ने हो भने कम्तीमा चालु वर्षको मात्र बेरूजु अंक बन्नुपर्ने हो । तर वर्षैपिच्छे झन्झन् थपिँदैजानु भनेको बेरूजुमा कारबाही नहुनु नै हो ।

महालेखाको प्रतिवेदन नै भन्छ बेरूजु वृद्धि हुनुको मुख्य कारणमा राजस्व बक्यौता र पुरानो बेरूजु फछ्र्यौट नहुनु रहेको देखिन्छ । पुरानो बेरूजु जुन वर्ष देखियो, त्यसैवर्ष फछ्र्यौट पनि हुने गरेको थियो भने यो अवस्था हुने थिएन । नियमले बेरूजु देखिएपछि त्यसको फछ्र्यौट हुनुपर्छ भन्छ । तर त्यस्तो हुनेगरेको छैन । कतिसम्म भने असुल नै गर्नुपर्ने भनिएको बेरूजु पनि थुप्रिने गरेको छ । गएको वर्ष भएको खर्चको हिसाबबाट सरकारी बेरूजु करिब पौने १३ खर्ब रूपैयाँ पुगेको देखियो । आर्थिक वर्ष २०८०/८१ सम्म यस्तो बेरूजुको रकम १२ खर्ब ८४ अर्ब २१ करोड रूपैयाँ थियो । आर्थिक वर्ष २०८०/८१ अर्थात् हिसाब भएको एक वर्षमा मात्रै ९१ अर्ब ५९ करोड ७९ लाख रूपैयाँ बेरूजु थपियो । अझ यसको दुःखद् पक्ष केहो भने बेरूजु रकम जुन मात्रामा बढिरहेको छ यता फछ्र्यौट भने घट्दै नै गएको देखिन्छ । प्रतिवेदनका अनुसार गत वर्षसम्म अद्यावधिक बेरूजु सात खर्ब ३३ अर्ब १९ करोड र कारबाही गरी टुङ्गो लगाउनुपर्ने पाँच खर्ब ५१ अर्ब दुई करोड रूपैयाँ छ । कारबाही गरी टुङ्गो लगाउनुपर्ने बेरूजुहरूमा भने राजस्व बक्यौता चार खर्ब ७२ अर्ब ३५ करोड रूपैयाँ, शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान छ अर्ब २५ करोड रूपैयाँ, शोधभर्ना लिन बाँकी वैदेशिक ऋण १४ अर्ब ३३ करोड रूपैयाँ छ । साथै, जमानत बसी दिएको ऋणको भाका नाघेको सावाँब्याज ४९ अर्ब ३७ करोड रूपैयाँ र लेखापरीक्षण बक्यौता आठ अर्ब ७१ करोड रूपैयाँ कारबाही गरी टुङ्गो लगाउनुपर्ने बेरूजु रहेको छ ।

अर्को चिन्ताको विषय एउटा पनि बेरूजु नभएका निकाय फेला नपर्नु हो । पछिल्लो हिसाब भएको आर्थिक वर्षमा मात्रै ९१ अर्ब ६० करोड रूपैयाँ बेरूजु थपिएको छ । यो भनेको वर्षको सरदर एक खर्ब अनियमित तरिकाले खर्च हुँदो रहेछ । त्यो वर्ष कुल खर्च १४ खर्बको हाराहारीमा थियो । यी सबै संघ, प्रदेश सरकारी निकाय, स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्था समेतको हिसाबबाट बेरूजु देखिएको हो । अर्को वर्ष पनि बेरूजुको अंक यसरी नै थपिँदै जाने छ, जसरी विगतमा हुँदै आएका छन् । धेरै पुराना बेरूजु मिलाउन समस्या भए पनि कम्तीमा बितेको वर्षको त मिलान हुन सक्छ । त्यस वर्ष असुल गर्नुपर्ने भनिएको रकम त्यही वर्ष असूल भए बेरूजुको चाङमा थपिने थिएन । सरकारलाई सुझाव हुन्छ, अबदेखि वर्षको बेरूजु त्यही वर्षमा मिलाऊ ।

अर्घ



वित्तीय शब्दकोष

ऋषिलाल श्रेष्ठ

### Cash Card (नगद कार्ड)

बैंकले आफ्नो ग्राहकहरूलाई खातामा जम्मा रहेको रकम झिक्न सक्ने सुविधा हुने गरी उपलब्ध गराएको कार्ड (Debit Card) । यो कार्ड ऋचभमष्त ऋबचम भन्दा भिन्न छ । क्रेडिट कार्डमा खातावालाले आफ्नो खातामा रकम जम्मा नभएपनि अधिकार प्राप्त सीमासम्म रकम झिक्न सुविधा पाएको हुन्छ ।

### Cash Credit (नगद उपयोग सुविधा)

बैंकले धितोको आधारमा आफ्नो ग्राहकलाई तोकी दिएको सीमासम्म नगद झिक्न सक्ने गरी स्वीकृत गरेको नगद ऋणको सीमा । यस प्रकारको व्यवस्थामा ग्राहकले तोकिएको सीमासम्म आवश्यकता अनुसार नगद झिक्ने छ र बैंकले नगद प्रयोग गरेको रकममा मात्र ब्याज लिने गर्दछ ।

# जापानी नागरिक र जापानको विकास



रविन्द्र घिमिरे

> जापानले गरेका हरेक प्रयासलाई बुझी नेपालजस्ता देशले यसको मोडेललाई नक्कल गरी अघि बढ्नुपर्छ । हामीले गर्ने भनेको राम्रो र असल कामको नक्कल हो । तर, हामी नेपालीले अनावश्यक कामको नक्कल गरेर आफूलाई भुल्याइरहेका छौँ । नेता मात्र होइन युवाशक्ति पनि अहिले काम र पढ्नका लागि जापानमा आउनेहरू धेरै छन् । उनीहरूले पनि जापानको सानो सानो राम्रा र असल कामको नक्कल गरेर घर, गाउँ र समाजलाई परिवर्तन गर्ने हो भने नेपालमा धेरै गर्न सकिन्छ ।

नेपाली ध्वजावाहक विमान चढेर जापान जाने सपना धेरै पहिलाकै थियो । कार्यव्यस्तताको कारण ढिलै भए पनि त्यो सपना साकार पार्दै अघिल्लो हप्ता नेपाल एयरलाइन्स नै चढेर जापान उत्रिएँ । काठमाडौंको त्रिभुवन विमानस्थलको कोलाहलको वातावरणलाई छल्दै नेपाल एयरलाइन्सको वाइडबडी विमान चढेर जापानमा उड्दै गर्दा जापानको बारेमा जे-जे मनमा सोचेको थिए । जापान ओर्लिसकेपछि अति राम्रो भूमिमा ढिलो अवतरण गरेछु भन्ने महसुस भयो । नेपालबाट यति नजिकको देश, यति विकसित राष्ट्रको भ्रमण गरी अनुभव सँगाल्दा अत्यन्तै हर्षोल्लास भएको छु ।

नेपाल र जापान भौगोलिक अवस्थाले फरक भए पनि दुई देशबीच पारस्परिक सम्बन्ध तथा कूटनीतिक सम्बन्ध सन् १९५६ देखि सुरू भएको पाइन्छ । जापान भ्रमण गर्दा देखिएको मुख्य तथ्य के छ भने जापानी जनता अत्यन्तै लगनशील छन् । विश्वको शक्तिशाली भनिएका देशका सडक किनारमा माग्नेको ताँती नै देखेको मेरो आँखाले जापानमा त्यस्तो देख्न परेन । मागेर खानुलाई जापानीहरूले आफूलाई मरेतुल्य नै सम्झिने रहेछन् । कामलाई नै यहाँका प्रत्येक नागरिकले आफ्नो पहिलो कर्तव्य सम्झिने रहेछन् त्यही कारण यो देशले विश्वमा आफूलाई अब्बलरूपमा उभ्याएको रहेछ । आम नागरिकहरु नै कर्तव्यनिष्ठ र कर्मठ भएपछि देशले विश्वसामु एक विकसित राष्ट्रको रूपमा स्थापित गराएकोमा कुनै शंका रहेन । जापानका जनता अनुशासितभन्दा पनि अति अनुशासितरूपमा चिनिन्छन् । यहाँका मानिसहरु अत्यन्तै कर्तव्यनिष्ठ र परिश्रमी छन् । एक-अर्कालाई सहयोग गर्ने र पाहुनाको सत्कारमा यहाँका मानिसहरु अगाडि छन् । हरेक नागरिकहरूको बातचितको पहिलो शब्द नै अभिवादनबाट सुरू हुन्छ । अर्थात्, पहिला अभिवादन नगरी उनीहरूको मुखबाट अन्य शब्द नै उच्चारण हुँदैन ।

नेपाल र जापानको सम्बन्ध धेरै कुराले जोडिएको पाइन्छ । विभिन्न ठाउँमा बुद्धको मूर्ति हेर्दा हामीलाई गर्वको महसुस हुन्छ । तर हाम्रो सम्बन्ध धर्मले मात्र जोडिएको छैन, बरू धेरै क्षेत्रमा जापानले नेपाललाई सहयोग पनि गरेको छ । पुनर्निर्माणको कामदेखि सडकको स्तरोन्नति र विकासका साथै 'जाइका'मार्फत धेरै सहयोग गर्दै आएको छ । सडकको कुरा गर्ने हो भने बीपी हाईवेदेखि कोटेश्वर-भक्तपुर सडक समेत जापान सरकारको सहयोगमा बनेका छन् । साथै, अन्य ठाउँको निर्माण तथा पुनर्निर्माण पनि जापानले गरेको सहयोग प्रशस्त छन् । जापानले नेपाललाई गरेको सहयोगको बारेमा धेरै विवरणहरु छन्, त्यो अहिले दिन सम्भव छैन ।

शिक्षा, स्वास्थ्य तथा अन्य क्षेत्रहरूमा गरिएको सहयोगले नेपालमा केही विकास त भएको छ । तर जापानबाट नेपालीले धेरै कुरा सिक्नुपर्ने आवश्यकता देखिन्छ । धेरै कुरा मात्र गर्ने, काम नगर्ने प्रवृत्तिलाई अन्त्य गर्न जापानी जनताबाट नेपाली जनताले सिक्न जरूरी छ । यतिका प्रविधिको विकासले जापानमाथि पुग्दा पनि नेपाल पुरानै ढर्रामा चल्नु यो देशको अभिशाप हो कि हामीले गर्न नचाहेको हो, त्योचाहिँ बुझिसक्नु छैन ।

पहिलो भेटमा गरिएको सत्कार, मानिसहरूको इमान्दारिता, कामलाई धर्म ठान्ने प्रवृत्ति तथा बौद्ध धर्मप्रतिको प्रेम, शिष्टाचार र कला तथा संस्कृतिले भरिएको देश र विकासको चरम सीमासम्म पुगेको देशको रूपमा जापानलाई हेर्न सकिन्छ । जापानमा कृषि क्रान्ति नै भएको पाइन्छ, साथै यहाँको कृषि उपकरणको प्रयोगले गरिएको कृषि विकासले त हाम्रो मन कुडु-कुडु खान्छ । कृषि क्षेत्रमा गरिएको लगानी, प्रयोग गरिएको उपकरणले बढेको उत्पादन र प्रयोग गरिएको जमिन देख्दा अत्यन्तै खुसी लाग्छ । ठाउँअनुसारको खेती, चाहिएको प्रविधि, आर्थिक विकास, सामाजिक अभियान, शिक्षा क्षेत्रको विकास, प्रकृतिसँगै गरिएको विकास देख्दा मन प्रफुल्ल हुन्छ ।

जापान विकास हुनुको प्रमुख कारण नागरिकको कर्तव्यनिष्ठताको साथै स्थिर राजनीति र प्रशासनको आफ्नै ढंगले काम गर्ने शैली पनि हो । अरूको काममा दखल नपुऱ्याउने, आफ्नै काममा रम्ने, धैर्य भई काम गर्ने र जुन काम गरिएको छ । त्यसमा पूर्णरूपले दक्ष भएर काम गर्नु नै हो । अर्को कुरा, उद्योग धन्दा बस्ती-बस्तीमा पुगेको छ, साना साना सहरमा पनि प्रविधिको विकाससँगै बाटोघाटो र आवश्यक पूर्वाधारको विकास देखिनुले पनि यहाँको विकास चरम सीमामा पुगेको देखिन्छ । पहाड खोपेर बनाएको बाटो, ट्रेनको मार्ग, सहरमा बनाइएका गगनचुम्बी भवन र राज्यले गरेको आर्थिक विकासको प्रयासलाई देख्दा विकासोन्मुख राष्ट्रले यसबाट धेरै कुरा सिक्न र अनुशरण गर्नुपर्ने देखिन्छ ।

जापानले गरेका हरेक प्रयासलाई बुझी नेपालजस्ता देशले यसको मोडेललाई नक्कल गरी अघि बढ्नुपर्छ । हामीले गर्ने भनेको राम्रो र असल कामको नक्कल हो । तर, हामी नेपालीले अनावश्यक कामको नक्कल गरेर आफूलाई भुल्याइरहेका छौँ । नेता मात्र होइन युवाशक्ति पनि अहिले काम र पढ्नका लागि जापानमा आउनेहरु धेरै छन् । उनीहरूले पनि जापानको स-सानो राम्रा र असल कामको नक्कल गरेर घर, गाउँ र समाजलाई परिवर्तन गर्ने हो भने नेपालमा धेरै गर्न सकिन्छ । उद्योग स्थापना गर्ने, कृषि गर्ने जग्गा तथा बासस्थान कहाँ बनाउने हो त्यसको पहिले नै निरीक्षण गरी सबै जग्गालाई छुट्याउनु, खेती गर्ने ठाउँमा उद्योग तथा घर बनाउन नपाउने, उद्योग गर्नेलाई राज्यले सम्मान गर्ने तथा प्रोत्साहन दिने, जनतालाई सेवा सुविधा दिनेजस्ता कामले जापानमा मानिसहरु खुसी देखिन्छन् । तर, नेपालमा यति कानुनी उल्झन छन् कि उद्योग गर्नेहरु पाइलापाइलामा हतोत्साही छन् । नेपालमा उद्योग स्थापना गर्ने भन्नासाथ एकहुल राजनीतिक गुण्डा, अर्को हुल गैरराजनीतिक गुण्डा, अर्को हुल वातावरणको नाममा ठगी खाने गुण्डाको झुण्ड एकाएक खडा हुन्छन् । तसर्थ, राज्यले नै उद्योगका लागि कानुनलगायतका सबै वातावरण बनाइदिने र प्रोत्साहन दिने हो भने नेपालमा आत्मनिर्भर हुन समय लाग्दैन । तर, नेता र उच्च तहका कर्मचारीहरूले जापानको बारेमा बुझेका छन्, जापानको कानुन पनि जानेका छन् । तर उनीहरु नेपालमा त्यो राम्रो कुराको नक्कल नै गर्न चाहँदैनन् । उनीहरु कहाँकहाँ राजनीतिक अस्थिरता छ, कहाँ कहाँ नराम्रो छ, त्यहीत्यहीको उदाहरण दिएर जनता भुल्याइरहेका छन् ।

मुख्य कुरा त कामलाई कदर गर्ने, कामलाई माया गर्ने, सरसफाइमा समय दिने, जथाभावी फोहोर नगर्ने, प्रकृति बचाएर विनाश नगरी विकास गर्ने, आफ्नो भाषा, खानालाई प्राथमिकता दिने, यस्तो प्रवृत्तिले जापान विकास भएको देखिन्छ । जापानमा कति ठाउँमा पाँच महिना नै हिउँ पर्दा पनि यहाँ विकास हुन रोकेको छैन । कृषि उपकरण र उन्नत प्रविधिको विकासले आर्थिक विकास हुनुका साथै सामाजिक विकास, मानवस्तर उन्नतिको विकास साथै जीवन अत्यन्तै सहज बनाएको छ । बाटोघाटोका अत्यन्तै विकास, ठुला भवनको विकास, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, टेलिकम्युनिकेसनको साथै छिमेकी राष्ट्रमा समेत आफ्नो शिर ठाडो पार्न सफल भएका छन् ।

आफूलाई चाहिने प्रत्येक सामानको उत्पादन आफैँ निकाल्नु जापानको प्रमुख कार्य हो । हरेक खाने कुरादेखि, कपडा, इलेक्ट्रोनिक सामान, प्रत्येक नागरिकले चढ्ने गाडी र गाडीका सामान र हेभी इक्विपमेन्ट समेत जापान आफैँले उत्पादन गरेर आफूले मात्र प्रयोग गर्दैन विश्वभर पठाउँछ । जापानका नागरिकहरु प्रकृतिप्रेमी पनि पाइए । प्रकृतिलाई माया गरेर जोगाएको देख्दा मन अत्यन्तै प्रफुल्लित हुन्छ । नेपालका हिमाल, जंगल र नदीजस्तै जापानमा पनि पर्वत, समुद्र किनार र चार ऋतुको सुन्दरता पाइन्छ । कतिपय ठाउँमा झण्डै आधा वर्ष नै हिउँ पर्ने भए पनि सहर तथा दुवै ग्रामीण इलाकामा फुलेका फूलहरूले मन आनन्दित बनाउँछन् । त्यसको साथै जंगल र सडक वरिपरि फुलेका सकुरा फूलहरूले अत्यन्तै शोभा दिएका छन् । हाम्रो देशमा पनि यस्तै फूलका रूखहरु हुन्थे र त्यसैगरी सजाउन पाइन्थ्यो भने कति सुन्दर देखिन्थ्यो होला ? नेपाल र जापान दुवै देशमा परम्परागत भेषभूषा, लोकसंगीत र धार्मिक पर्वहरूमा गहिरो आस्था देखिन्छ तर उस्तै देखिए पनि हामी धेरै पछि परेका छौँ भन्ने महसुस जापान पुग्ने जो कोही नागरिकले गरेको हुन्छ र मैले पनि त्यही महसुस गरेँ ।

हाम्रो राज्य व्यवस्था पनि त्यसै छ, जनतामा पनि चेतनाको अभाव छ, पैसा कमाउनेले अरु सबैलाई सानो देख्छ । देशको ढुकुटीमा खरबौँ रूपैयाँ थुप्रिएको छ तर देश विकासमा कछुवाको चाल चलिरहेको छ । हाल नेपाली विद्यार्थीको जापानप्रतिको मोहलाई हामीले गलत अर्थमा नलिएर यसलाई अवसरको रूपमा लिन सकियो भने भविष्यमा यसले देशको विकासमा टेवा पुऱ्याउँछ । यहाँको सिप, प्रविधि र व्यवहार सबै विद्यार्थीमार्फत भित्र्याउन सकियो भने हाम्रो पनि विकासको ढोका खोल्न मद्दत पुग्ने थियो ।

नेपालीहरूकै सान हुने गरी जापानमा नेपालीहरूले व्यवसाय गरी धेरैजनालाई रोजगारी दिएको पाइयो । जापान नेपाल अन्तर्राष्ट्रिय कम्पनी लिमिटेडको संस्थापक अध्यक्ष प्रदीप सिलवाललगायत सिलवाल ब्रदर्शले गरेको अथक प्रयासको कारण सफल व्यवसायी भएको हेर्दा हामी नेपालीले जापानमा समेत गर्व गर्न लायक छ । यस्तो सफल व्यवसायीलाई नेपालमा समेत व्यवसाय गर्ने प्रेरणा दिन सकिए देशमा विदेशी पैसा र बुद्धिलाई भित्र्याउन सकिन्थ्यो । तर, त्यसका लागि राज्य सञ्चालकहरूले कानुनी प्रबन्ध गर्नुपर्छ ।

नेपालजस्तै जापानमा पनि कृषि धेरै हुने देशमा पर्दा पनि यो देशमा गरिएको कृषिमा लगानी देख्दा आश्चर्यचकित भइन्छ । हरेक कृषियोग्य जमिनमा नहरमार्फत लगाइएको पानी र थालजस्तो बनाइएको जमिन देख्दा मन लोभिन्छ, त्यसैले जापानले कृषि क्षेत्रमा प्रविधिको अत्याधुनिक प्रयोग गरेको छ भने नेपाली समाजमा भने कृषि परम्परागतरूपमा गरिएकाले यो जीवन निर्वाहको माध्यम मात्र बनेको छ । यसको आधारमा तुलना गर्ने हो भने दुवै देशबीच सहकार्यको ठूलो सम्भावना देखिन्छ, त्यसैले यसको पहल सरकारीस्तरबाटै हुनु अत्यन्त जरूरी छ ।

जापानको कतिपय ठाउँ पहाडले ढाकिएको हुनाले यहाँ पनि पहिरोको उत्तिकै जोखिम छ । कतिपय ठाउँमा गत वर्षको पहिरोले ट्रेनको मार्ग तथा सडक ठूलो मात्रामा विनाश गरेको देखियो । तर यसको निराकरण गर्ने प्रयास सरकारीस्तरबाट अत्यन्तै गम्भीरताका साथ गरिएको देखियो । तर, नेपालमा त्यही जापानले बनाइदिएको बीपी राजमार्गको आठ/दश किलोमिटर सडकको पुनःनिर्माण गर्ने टेन्डर गर्न नै छ महिनाभन्दा बढी लाग्यो । अब ठेकेदार छनौट भएर सम्झौता हुँदैमा बर्खा लागिसक्छ निर्माण सुरू कहिले हुने त अझै भन्न सकिने अवस्था छैन ।

जापानमा बारम्बार भूकम्प, सुनामी र ज्वालामुखी विस्फोटजस्ता प्रकोपहरु आउँछन् । तर यहाँ त्यसअनुसारको घरहरूको निर्माण गरिएकोले यसबाट अत्यन्तै न्यून क्षति हुने गरेको छ । नेपालका पहाडी तथा ग्रामीण र तराई क्षेत्रहरूमा पनि आवश्यकभन्दा धेरै घरहरूको निर्माण भएको छ । तर यहाँको जस्तो तरिकाले घरको निर्माण गर्ने हो भने घर पनि राम्रो देखिनुका साथै कम खर्चमा बन्ने र वातावरणमैत्री समेत भई भूकम्पले पनि बिगार्न सक्ने थिएन ।

जापानले अहिंसा र शान्तिको मार्ग अँगालेको छ । जापानले दोस्रो विश्वयुद्धपछिको अनुभवबाट शिक्षा लिँदै शान्तिपूर्ण नीति अवलम्बन गरेको छ । मानिसहरु पनि सभ्य र शान्त देखिन्छन् । सडक सबैको साझा हो भन्ने बुझाइ छ, होहल्ला गरिँदैन, सडकमा हर्न बजाएको सुनिँदैन । चोरीको समस्या छैन, कानुनलाई सबैले मानेर काम गर्छन्, झगडा गरेको देखिँदैन । यसले समाज सभ्य र शान्त देखिन्छ । मेरो पहिलो र छोटो भ्रमणले के देखाएको छ भने देश विकास गर्न एउटा अठोट चाहिन्छ, असल नेतृत्व चाहिन्छ, कर्तव्यनिष्ठ नागरिक र असल सरकार हुनुपर्छ ।

# हिमाल बचाउ अभियानका लागि सगरमाथा संवाद

● शङ्करदास बैरागी ●

नेपालले अन्तर्राष्ट्रियस्तरमा विश्व शान्ति, मानव कल्याणका क्षेत्रमा बनाएको विशिष्ट पहिचानलाई सगरमाथा संवादमार्फत उजागर गर्ने अवसर पाएको छ । असंलग्न परराष्ट्र नीति, तटस्थ दृष्टिकोण र साझा विषयमा साझा ढङ्गबाटै समाधान खोज्दै आएको नेपालले यसलाई सगरमाथा संवादको माध्यमबाट अन्तर्राष्ट्रिय जगतमा मुखरित गर्नेछ । आज विश्वव्यापीरूपमै विकासको समस्याको रूपमा रहेको जलवायु परिवर्तनबाट सिर्जित चुनौतीले सङ्कटको रूप लिन थालेको छ । हरितगृह ग्यासको उत्सर्जनमा नेपालको भूमिका नगन्य रहे पनि नेपालले त्यसबाट सिर्जित समस्या भने प्रत्यक्षरूपमा भोग्नु परेको छ । एकातिर हामीले विश्वको वातावरणीय सन्तुलन कायम राख्न महत्वपूर्ण भूमिका खेलिरहेका छौँ भने अर्कोतिर हामी नै जलवायु परिवर्तनको समस्याबाट प्रभावित बन्नुपरेको अवस्था छ । यसर्थ, जलवायु न्यायअन्तर्गत नेपालले वित्तीय तथा प्राविधिक सहयोगका लागि विश्वसामु आफ्नो दाबी प्रस्तुत गर्नका लागि सगरमाथा संवाद महत्वपूर्ण थलो बन्न सक्छ ।

अन्तर्राष्ट्रिय तहमा नेपालले खेल्ने भूमिकाअन्तर्गत नेपालले पहाडी राष्ट्रको गठबन्धनलाई नेतृत्व दिन सक्छ । नेपाल विश्वका अति कम विकसित राष्ट्रहरूको समूहको अध्यक्ष राष्ट्रसमेत भएकाले पर्वतीय देशहरूको समूहलाई नेतृत्व गर्नसक्छ । पहाड बचाउ अभियान सञ्चालन गरी हामीजस्तै पर्वतीय मुलुकका आवाजलाई सङ्गठित गर्न सकिएमा एकातिर नेपालले भोग्नुपरेका समस्याको समाधानमा अन्तर्राष्ट्रिय ध्यानाकर्षण गराउन सकिन्छ भने अर्कोतिर कूटनीतिक क्षेत्रमा पनि आफ्नो प्रभाव राख्ने महत्वपूर्ण अवसर बन्न सक्छ । यसबाट हिमालको पक्षमा अन्तर्राष्ट्रिय जनमत बनाउन सकियो भने यहाँको विकासका लागि आर्थिक स्रोत अभिवृद्धि हुन सक्छ ।

जलवायु परिवर्तनका कारण भएको प्राकृतिक विपद्हरूबाट नेपालले ठूलो हानी नोक्सानी व्यहोर्नुपरेको छ । धनी राष्ट्रहरूले गरेको प्रतिबद्धताअनुसार हानी नोक्सानी कोषमा झण्डै ९७ प्रतिशत अपुग रहेको छ । जलवायु परिवर्तनसम्बन्धी विश्वमा जति पनि कोष स्थापना गरिएका छन्, त्यसबाट लाभ लिनका लागि स्तरीय प्रस्ताव बनाउनुपर्ने हुन्छ । हामीसँग पनि कुन क्षेत्रमा के कति हानी नोक्सानी भएको छ भने भन्न सक्ने वास्तविक तथ्याङ्कको अभावका कारण त्यसअनुसार दाबी गर्न सकिएको छैन । क्षति एवं नोक्सानी कोषबाट सहायता प्राप्त गर्न तत्कालै विभिन्न क्षेत्रमा भएको हानी नोक्सानीको विवरण तयार गरी अध्यावधिक गर्नुपर्ने हुन्छ । अन्तर्राष्ट्रिय जलवायु वित्त प्रणालीमा सहज पहुँचका लागि आवाज उठाउन पहल गरी हानी तथा नोक्सानी कोषमा पर्याप्त रकम जुटाउन अन्य राष्ट्रहरु समेतको सहयोगमा आवाज मुखरित गराउने अवसरको रूपमा पनि सगरमाथा संवादलाई उपयोग गर्नुपर्ने हुन्छ ।

जलवायु परिवर्तनको विषय बहुआयामिक क्षेत्र भएकाले यसलाई त्यही रूपमा लिनुपर्छ । यो प्राविधिक विषय मात्र नभई आर्थिक, सामाजिक र कूटनीतिक विषय पनि भएकाले जलवायु परिवर्तनसम्बन्धी वार्ताका लागि कूटनीतिक क्षमता अभिवृद्धि हुनुपर्ने हुन्छ । यसका लागि हाम्रो जलवायु कूटनीति स्पष्ट हुन आवश्यक छ । नेपालका आफ्नो दृष्टिकोणहरूलाई अन्तर्राष्ट्रिय मञ्चमा लैजान कूटनीतिकरूपमा दरिलो हुनुपर्छ । जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरूको विश्व सम्मेलनमा सम्बन्धित देशमा रहेका नेपाली राजदूतलाई पनि सहभागी गराउन आवश्यक छ । जलवायु परिवर्तनको अवस्था यसले पारिरहेको प्रभाव र आगामी दिनमा नेपालले लिनुपर्ने रणनीतिका सम्बन्धमा सामूहिक आवाज बन्नसके मात्र नेपालले फाइदा लिन सक्छ ।

जलवायु परिवर्तनलाई 'समग्र राष्ट्रको एक अवधारणा'अन्तर्गत हेर्नुपर्ने हुन्छ । सरकारका सबै निकायबीच प्रभावकारी समन्वय कायम हुनुपर्ने । जलवायु परिवर्तनको विषय हेर्न राष्ट्रियरूपमा एउटा स्थायी र सशक्त वार्ता टोली गठन गर्ने वा उच्चस्तरीय कार्यकारी निकायको व्यवस्था गर्ने वा आवश्यकताअनुसार जलवायु परिवर्तन हेर्ने गरी विशेष प्रतिनिधि तोक्नुपर्ने देखिन्छ । मन्त्रालयको एउटा महाशाखाको रूपमा मात्र नराखी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्अन्तर्गत पनि राख्न सकिएला । त्यसो हुन सकेमा संस्थागत सुदृढीकरण गरी जलवायु वित्तबाट सहायता प्राप्त गर्न प्रस्ताव तयारी र पैरवी गर्न सक्ने गरी क्षमता विकासमा सहयोग पुग्छ । नेपालले सन् २०४५ सम्म कार्बन न्यूट्रल अर्थतन्त्रमा जान्छौँ भनेर प्रतिवेदन बुझाइसकेका छौँ । ती लक्ष्य हासिल गर्न तीनै तहका सरकारका नीति कार्यक्रम र योजनामा एकीकृत दृष्टिकोण आउन जरूरी छ । तत्कालै राष्ट्रियरूपमा निर्धारित योगदान र राष्ट्रिय अनुकूलन योजनालाई सबै तहका सरकारको नीति कार्यक्रम र बजेटमा समावेश गरी प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

यसैगरी नेपालले नवीकरणीय ऊर्जा, प्रकृतिमा आधारित जलवायु परिवर्तन व्यवस्थापन, जल कूटनीति, वातावरणमैत्री पूर्वाधार, पर्या-पर्यटन र सांस्कृतिक धरोहरको संरक्षण, स्थानीय नेतृत्वको अनुकूलन र समुदायमा आधारित प्राकृतिक स्रोतको व्यवस्थापनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने अवस्था रहेको छ । यसलाई सरकारले गम्भीरताका साथ आफ्ना नीति, कार्यक्रम र योजनामा समावेश गरी विशेषगरी विपन्न तथा पछाडि परेका र जलवायु परिवर्तनको उच्च जोखिममा रहेका समुदायको सुरक्षाका लागि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

अब नेपालले हिमालसँगै समुन्द्रको विषयलाई पनि सँगै जोडेर पैरवी गर्नुपर्ने हुन्छ । क्षेत्रीय सहयोगअन्तर्गत पहाड र समुद्रबीचको अन्तरसम्बन्धमा अध्ययन गर्न आवश्यक छ । जल, कृषि, स्वास्थ्य र जैविक विविधता सम्बन्धमा क्षेत्रीयस्तरमा अध्ययन नहुँदा यसले विश्वको ध्यानाकर्षण गराउन सकेको छैन । उपक्षेत्रीय तहमा जलवायु गठबन्धन गठन गरी सम्भव भएसम्म जलवायु परिवर्तनका सम्बन्धमा क्षेत्रीय धारणा तयार गर्न नेपालले पहल गर्नुपर्छ । जलवायु परिवर्तनका कारण हिमालमा पर्ने असरबाट तल्लोतटीय क्षेत्रको जलस्रोत, कृषि, जनजीविका, जैविध विविधतामा प्रत्यक्ष प्रभाव पर्नुको साथै समुद्रमा पनि असर पर्ने हुँदा यसलाई जोडेर हेर्न सकिएमा विश्वको ध्यानाकर्षण गर्न बल पुग्छ । रासस

# अस्ट्रेलियाको बेरोजगारी दर चार दशमलव एक प्रतिशत

क्यानबेरा, जेठ १ । करिब ९० हजार मानिसले काम खोजेर पनि अप्रिलमा अस्ट्रेलियाको बेरोजगारी दर स्थिर रहेको जनाइएको छ । अस्ट्रेलियन ब्युरो अफ स्ट्याटिस्टिक्स (एबिएस)ले बिहीबार जारी गरेको आधिकारिक तथ्याङ्कअनुसार अप्रिलमा दोस्रो लगातार महिनाका लागि आधिकारिक बेरोजगारी दर चार दशमलव एक प्रतिशत कायम छ ।

एबीएसले मार्च र अप्रिलको बीचमा कार्यरत अस्ट्रेलियालीहरूको संख्या ८९ हजारले वृद्धि भएको र सोही अवधिमा बेरोजगारहरूको संख्या छ हजारले वृद्धि भएको बताएको छ ।

काम पाएका ८९ हजार मानिसमध्ये ६५ हजार महिला थिए । महिला रोजगारी वृद्धि मुख्यतया पूर्ण-समय काम पाउने खालको थियो । यो ४२ हजारले बढेको थियो ।

एबीएसको तथ्याङ्कअनुसार पछिल्लो १२ महिनामा रोजगारीमा तीन लाख ९० हजार अर्थात् दुई दशमलव सात प्रतिशतले वृद्धि भएको छ । यो १५ वर्ष वा सोभन्दा बढी उमेरका दुई दशमलव एक प्रतिशतको जनसंख्या वृद्धि दरभन्दा बढी हो ।

रोजगार-जनसंख्या अनुपात मार्चमा ६४ दशमलव एक प्रतिशतबाट बढेर अप्रिलमा ६४ दशमलव चार प्रतिशत पुगेको छ । यो जनवरीमा सेट गरिएको ६४ दशमलव पाँच प्रतिशतको रेकर्डभन्दा थोरै हो ।

काम गर्ने उमेरको जनसंख्याको अनुपात मापन गर्ने वा कार्यरत रहेका वा सक्रियरूपमा काम खोजिरहेका सहभागिता दर मार्च र अप्रिलको बीचमा ६६ दशमलव आठ प्रतिशतबाट बढेर ६७ दशमलव एक प्रतिशत भयो ।

'३५-४४ वर्ष उमेर समूहका लागि सहभागिता दर सबैभन्दा ठूलो वार्षिक वृद्धि थियो, यो एक दशमलव नौ प्रतिशत विन्दुले बढेर ८८ दशमलव तीन प्रतिशत भयो', एबीएसका श्रम तथ्यांख्या प्रमुख सीन क्रिकले भने । रासस/सिन्ह्वा

# ट्रम्प र सिरियाली राष्ट्रपति अल-शाराबीच भेटवार्ता

**एजेन्सी**
**रियाद, जेठ १**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सिरियामाथि लगाइएका सबै अमेरिकी प्रतिबन्धहरु अन्त्य गर्न आदेश दिएका छन् । यो निर्णयपछि ट्रम्पले सिरियालाई फेरि प्रगति गर्ने मौका दिने बताएका छनन् ।

ट्रले यो आदेश जारी गरेको भोलिपल्ट, मंगलबार, साउदी अरेबियाको राजधानी रियादमा सिरियाली राष्ट्रपति अहमद अल-शारालाई भेटेका छन् । कुनै समयको सर्वाधिक खोजीमा रहेका आतङ्ककारी अल-शारासँग ट्रम्पको भेटको चर्चा विश्वभर भइरहेको छ ।

अहमद अल-शाराले २०११ मा सिरियामा धेरै आत्मघाती हमलाहरु गरेका थिए । अमेरिकाले उनीमाथि १० मिलियन डलरको इनाम राखेको थियो, जुन पाँच महिना अघि डिसेम्बरमा हटाइएको थियो ।

अहमद अल-शारा पहिले अबु मोहम्मद अल-जुलानीको नामले चिनिन्थ्यो । जुलानीले २००३ मा चिकित्सा शिक्षा छोडे र अल कायदाका नेताहरूसँग सम्पर्कमा पुगेका थिए । उनलाई २००६ मा अमेरिकी सेनाले पक्राउ गरी जेल पठाएको थियो । जेलबाट रिहा भएपछि, अल-शाराले २०१२ मा अल-कायदाको सिरियाली शाखा, जबात अल-नुसरा गठन गरे ।

२०१६ मा, उनले अल-कायदाबाट अलग भएर हयात तहरीर अल-शाम (एचटीएस) स्थापना गरे । डिसेम्बर २०२४ मा बसर अल-असदको पतनपछि जुलानीले सत्ता सम्हालेका हुन् ।

ट्रम्पले आफ्नो भेटघाटको क्रममा अल-शारासँग लगभग ३७ मिनेट कुराकानी गरेका छन् । भेटमा ट्रम्पले शारालाई इजरायलसँगको सम्बन्ध सामान्य बनाउन र सिरियाबाट विदेशी आतङ्ककारीहरूलाई निष्कासन गर्न आग्रह गरे । अल-शाराले पनि ट्रम्पको प्रशंसा गर्दै मध्यपूर्वमा शान्ति ल्याउन ट्रम्प सक्षम रहेको बताए ।

अमेरिकी संसद्ले २०१९ मा सिरियामाथि कडा प्रतिबन्ध लगाउने कानुन पारित गरेको थियो । यद्यपि, यस कानुनमा राष्ट्रिय सुरक्षालाई ध्यानमा राख्दै अमेरिकी राष्ट्रपतिले यी प्रतिबन्धहरु हटाउन सक्ने प्रावधान थियो । यही शक्ति प्रयोग गरेर राष्ट्रपति ट्रम्पले सबै प्रतिबन्धहरु हटाएका छन् ।

## कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८२/०२/०२ गते आर्थिक दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचिमा** नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

**तपसिल**

### गैडाकोट, नवलपरासी (वर्दघाट सुस्तापुर्व) शाखा

| १. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| **पार्वती खनाल (जैसी)**<br>ना.प्र.नं.- ३६३०६१/८०७<br>जारी मिति - २०६३/११/२४, जि.प्र.का. नवलपरासी<br>बाबु - शान्त प्रसाद खनाल<br>बाजे - टिकाराम खनाल<br>पति - हरि प्रसाद जैसी<br>स्थायी ठेगाना- नवलपरासी जिल्ला, जहदा गा.वि.स./उ.म.न.पा. वडा नं. ०३,<br>हालको ठेगाना- नवलपरासी (वर्दघाट सुस्तापुर्व), देवचुली न.पा. वडा नं. १४, | १. **हरि प्रसाद जैसी**को नाममा मालपोत कार्यालय, परासी नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला जहदा गा.वि.स. वडा नं. ३ङ (हाल नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला वर्दघाट नगरपालिका वडा नं. १३) स्थित कित्ता नं. ३२० को क्षेत्रफल ०-५-०-० (वि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **हरि प्रसाद जैसी**<br>ना.प्र.नं.- १७४९६<br>जारी मिति - २०५१/०२/२०, जि.प्र.का. नवलपरासी<br>बाबु - मंजुराम जैसी<br>बाजे - दुरजुमान जैसी<br>पत्नी - पार्वती खनाल (जैसी)<br>स्थायी ठेगाना- नवलपरासी जिल्ला, प्रगतीनगर गा.वि.स. वडा नं. ०२,<br>हालको ठेगाना- नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला, देवचुली न.पा. वडा नं. १४,<br>२. **सृजना आचार्य**<br>ना.प्र.नं.- ३६२०११/३९१२<br>जारी मिति - २०७१/१०/०४, जि.प्र.का. नवलपरासी (वर्दघाट सुस्ता पुर्व)<br>बाबु - हरि प्रसाद जैसी<br>बाजे - मंजुराम जैसी<br>स्थायी ठेगाना- नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला, देवचुली न.पा. वडा नं. १४,<br>हालको ठेगाना- नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला, देवचुली न.पा. वडा नं. १४, | ३. **सुस्मिता आचार्य**<br>ना.प्र.नं.- ३६-०२-७४-०३२७२<br>जारी मिति - २०७४/०४/०९, जि.प्र.का. नवलपरासी<br>बाबु - हरि प्रसाद जैसी<br>आमा - पार्वती खनाल जैसी<br>बाजे - मंजुराम जैसी<br>स्थायी ठेगाना- नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला, देवचुली न.पा. वडा नं. १४,<br>हालको ठेगाना- नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला, देवचुली न.पा. वडा नं. १४, |

### सिमरा शाखा

| १. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| **कल्पना रिमाल**<br>ना.प्र.नं.-. २१२७३<br>जारी मिति - २०६३/०४/१७, जि.प्र.का. बारा<br>बाबु - हरि प्रसाद अधिकारी<br>बाजे - रामनाथ अधिकारी<br>स्थायी ठेगाना- बारा जिल्ला, पिपरा सिमरा गा.बि.स., वडा नं. ०४<br>हालको ठेगाना- बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा वडा नं. ०२ | १. **कल्पना रिमाल**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, प्रिपासिमरा गा.वि.स. वडा नं. २घ स्थित कित्ता नं. ८६२, ८६३ र ८६४ को क्षे.फ.०-१-०, ०-१-० र ०-१-० (वि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |

| व्यक्तिगत जमानीकर्ताको विवरण | संस्थागत जमानीकर्ताको विवरण |
|---|---|
| १. **कृष्ण कुमार रिमाल**<br>ना.प्र.नं.-. १३२५/१/०१<br>जारी मिति - २०५०/१२/०८, जि.प्र.का. बारा<br>बाबु - तोयनाथ अधिकारी<br>बाजे- ईन्द्र प्रसाद रिमाल<br>स्थायी ठेगाना- बारा जिल्ला रतनपुरी गा.वि.स. वडा नं. ९<br>हालको ठेगाना- बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा वडा नं. ०२ | १. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय कलैया बारामा मिति २०६५/०८/०९ मा प्रा.फ.न.घ.उ.वि. ९६९/०६५/०६६ कायम भई दर्ता रहेको बारा जिल्ला, पिपरा सिमरा गा.वि.स वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **सुरज सप्लायर्स ।**<br>**प्रोप्राईटर - कृष्ण कुमार रिमाल** |

### बर्दिबास, महोत्तरी शाखा

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा मिति २०७४/१०/१८ मा प्रा.लि.नं. १८२८००/०७४/०७५ दर्ता कायम भई करदर्ता सेवा कार्यालय बर्दिबासबाट मिति २०७४/१०/१८, मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र न. ६०६७९३५६६ को प्रमाणपत्र प्राप्त महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **आर्याशा मल्टि पर्पोज बिजनेस प्रा.लि. ।**

**संञ्चालकहरू**
**१. मदन कुमार अर्याल**
**२. भुवन राज दाहाल**

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **मदन कुमार अर्याल**<br>ना.प्र.नं.: १४३ ०४९२६२६१<br>जारी मिति: २०५९/०४/२६, जि.प्र.का. महोत्तरी<br>बाबु: मुरारी प्रसाद अर्याल<br>बाजे: मणि राज उपाध्याय<br>स्थायी ठेगाना: महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ०३<br>हालको ठेगाना: महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ०३<br>२. **भुवन राज दाहाल**<br>ना.प्र.नं.: १११८५७७५<br>जारी मिति: २०५८/११/१३, जि.प्र.का. धनुषा<br>बाबु: बुद्धिनाथ शर्मा<br>बाजे: तारानाथ उपाध्याय<br>स्थायी ठेगाना: धनुषा जिल्ला, वेंगाडावर गा.वि.स. वडा नं. ०६<br>हालको ठेगाना: धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ०९ | ३. **मनिता अर्याल**<br>ना.प्र.नं.: ४५१०१२/२३२०<br>जारी मिति: २०६४/०७/१३, जि.प्र.का. लमजुङ<br>बाबु: मुरारी प्रसाद अर्याल<br>ससुरा: बुद्धिनाथ शर्मा<br>पति: भुवन राज दाहाल<br>स्थायी ठेगाना: लमजुङ जिल्ला, बेंसीशहर गा.वि.स. वडा नं. ०२<br>हालको ठेगाना: धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ०९<br>४. **निशा कुमारी साह**<br>ना.प्र.नं.: ०२५९४९२१<br>जारी मिति: २०५८/०७/०५, जि.प्र.का. सिराहा<br>बाबु: देब नाथ साह<br>ससुरा: मुरारी प्रसाद अर्याल<br>पति: मदन कुमार अर्याल<br>स्थायी ठेगाना: सिराहा जिल्ला असनपुर गा.वि.स. वडा नं. ०५<br>हालको ठेगाना: महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं.०३ |

**धितो सुरक्षणको विवरण**

१. **मनिता अर्याल**को नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ६(साबिक महोत्तरी जिल्ला, किसाननगर गा.वि.स/न.पा वडा नं. ७/ख) स्थित कि.नं. ७०२ को क्षेत्रफल ०-५-०-० (बि.क.धु.क) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **निशा कुमारी साह**को नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ६(साबिक महोत्तरी जिल्ला, किसाननगर गा.वि.स/न.पा वडा नं. ३/क) स्थित कि.नं. ७३ को क्षेत्रफल ०-१४-१८-० (बि.क.धु.क) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. **मदन कुमार अर्याल**को नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १४ (साबिक महोत्तरी जिल्ला, २५ नं. बहादुरगंज वडा नं. ३ ख) स्थित कि.नं. २१५४ को क्षेत्रफल ०-०-१०-० (बि.क.धु.क) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
४. ऋणी **आर्याशा मल्टि पर्पोज बिजनेस प्रा.लि.**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

### गठ्ठाघर, भक्तपुर शाखा

| १. ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| **मनिस गाईजु**<br>ना.प्र.नं.- ००९७६<br>जारी मिति - २०५७/१०/१८ जि.प्र.का. भक्तपुर<br>बाबु - छत्र बहादुर गाईजु<br>बाजे - कुल बहादुर गाईजु<br>स्थायी ठेगाना- भक्तपुर जिल्ला, भक्तपुर न.पा., वडा नं. २<br>हालको ठेगाना- भक्तपुर जिल्ला, भक्तपुर न.पा., वडा नं. ३ | १. **सुभद्रा गाईजु**<br>ना.प्र.नं.- २११२२<br>जारी मिति - २०६१/०७/२४ जि.प्र.का. भक्तपुर<br>बाबु - गणेश भक्त बाटी<br>बाजे - गोपी बाटी<br>स्थायी ठेगाना- भक्तपुर जिल्ला, भक्तपुर न.पा., वडा नं. १५<br>हालको ठेगाना- भक्तपुर जिल्ला, भक्तपुर न.पा., वडा नं. ३ |

**धितो सुरक्षणको विवरण**

१. **मनिस गाईजु**को नाममा मालपोत कार्यालय, काभ्रेपलान्चोकमा दर्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला, नयांगाउं गा.वि.स/न.पा. वडा नं. ४ स्थित कित्ता नं. ४४९ को क्षे.फ. ४-८-३-० (रोपनी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

नेपाल सरकार
स्वास्थ्य तथा जनसख्या मन्त्रालय
## पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान
पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा

### बोलपत्रको छनौटको आशयको सूचना

**प्रकाशित मिति : २०८२/०२/०२**

यस पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानको मिति २०८१र१२र२२ को सौर्य दैनिकमा प्रकाशित निम्नानुसारको बोलपत्र आह्वान सम्बन्धि सूचना बमोजिम म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये यस प्रतिष्ठानबाट गठीत मूल्यांकन समितिबाट मूल्यांकन हुदाँ देहाय बमोजिमका बोलपत्र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागी छनौट गर्ने निर्णय भई आएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नंवर / खरिदको विवरण | बोलपत्रदाताको नाम ठेगना | कबोल अंक (PS, भ्याट कन्टिन्जेन्सी बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | PoAHS/G/NCB/Works/2081-82/06 Procurement of Pitch Road Maintenance | श्री Amritman Construction, Pokhara | रु. ४२,७७,१२८।३२/- | सारभुत रुपमा प्रभावग्राही बोलपत्र |
| २ | PoAHS/G/NCB-47/ 2081-82 Procurement of Supply, Delivery and Installation of AC system | | | |
| | Package A: Procurement of Air Conditioners | श्री Ashribad Trade, Kathmandu | रु. ११,३८,९३८/- | |
| | Package B: Procurement of Refrigerators | श्री Barahi International Pvt Ltd, Kathmandu | रु. २,३०,०००/- | |

निर्देशक

## नागरिक बहुउद्देश्यीय सहकारी संस्था लि.

सूर्यविनायकचोक ८, सूर्यविनायक नगरपालिका, भक्तपुर
फोन नं. ०१-६६१७३५०, ६६१९२५८

### धितो लिलाम विक्री सम्वन्धी डाँक बढाबढ आह्वान गरेको ३५ दिने सूचना

**(पहिलो पटक प्रकाशित मिति : २०८२/२/२)**

यस सहकारी संस्थाबाट कर्जा लिनु भएका तपशिल बमोजिमका ऋणी सदस्यहरुले तोकिएको शर्त अनुसार कर्जा नबुझाई (पटक पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत) संस्थाको सम्पर्कमा नआउनु भएको र मिति २०८१/१०/२३ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सूचना प्रकाशन गर्दा समेत यस संस्थालाई तिर्न बुझाउनु पर्ने साँवा, ब्याज र हर्जाना रकम बुझाउन नआएको तथा तिरे बुझाएको प्रमाण पेश नगरेको हुँदा ऋणी सदस्यहरुले कर्जा लिदा उपलब्ध गराएको धितो सम्पत्ति डाँक बढाबढ द्धारा लिलाम विक्री गरी सहकारी ऐन, २०७४, को दफा ७९ र सहकारी नियमावली, २०७५ को नियम ३० समेत बमोजिम असुल गर्नु पर्ने भएकोले धितो मा रहेको अचल सम्पत्ति सकार गरि लिन इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ३५औं दिनमा बोल कबोलबाट डाँक बढाबढ गर्नु हुन यो धितो लिलाम विक्री सम्वन्धी डाँक बढाबढ आह्वान गरेको ३५ दिने सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र. सं. | ऋणीको तिन पुस्ते | ठेगाना | उद्देश्य/ कर्जाको शिर्षक | धितोको विवरण | जमानीकर्ताको तिन पुस्ते र ठेगाना |
|---|---|---|---|---|---|
| १ | **ऋणी : पुण्य राम बासुकला**<br>बुबाको नाम : लक्ष्मी नारां बासुकला<br>बाजेको नाम : दया नारां बासुकला | भक्तपुर नगरपालिका वडा नं. १० | ब्यक्तिगत कर्जा | भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं. ४/क को कित्ता नं. १६९६ को क्षेत्रफल ०-३-०-० रहेको जग्गा र सोमा बनेको घर समेत | **जमानीको नाम : जित राम बासुकला**<br>बुबाको नाम : पुण्य राम बासुकला<br>बाजेको नाम : लक्ष्मी नारां बासुकला<br>ठेगाना : भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं. १०। |
| २ | **ऋणी : जित राम बासुकला**<br>बुबाको नाम : पुण्य राम बासुकला<br>बाजेको नाम : लक्ष्मी नारां बासुकला | भक्तपुर नगरपालिका वडा नं. १० | ब्यक्तिगत कर्जा | भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं. ४/क को कित्ता नं. १६९६ को क्षेत्रफल ०-३-०-० रहेको जग्गा र सोमा बनेको घर समेत | **जमानीको नाम : पुण्य राम बासुकला**<br>बुबाको नाम : लक्ष्मी नारां बासुकला<br>बाजेको नाम : दया नारां बासुकला<br>ठेगाना : भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं. १०। |

(धितो बन्धक लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेलाई सूचना : उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन पुनः अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलामका शर्तहरु बमोजिम विक्री कार्य हुने भएकोले उक्त दिन स्वयम् उपस्थित भै लिलाम बाट कायम हुने धितो सम्पतिको मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुनलाई सूचित गरिन्छ। उल्लेखित धितो सम्पत्ति लिलाम विक्री गरी वा सहकारी आफैले सकार गर्दा समेत साविकमा सहकारीबाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा लिलाम विक्री भएको वा सहकारी आफैले सकार गरि लियौ भनी कहि कतै उजुर बाजुर दाबी विरोध गर्न पाउनु हुनेछैन। उक्त सम्पत्ति लिलाम विक्री गर्दा वा पुनः मुल्याङ्कन गरी वा नगरी सहकारी आफैले सकार गर्दा समेत सहकारीको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणी तथा ब्यक्तिगत जमानी दिनेको अन्य श्री सम्पत्तिबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचनाबाट थप जानकारी गराइको छ।)

# एनआईसी एसिया लघुवित्तको वित्तीय साक्षरता

आर्थिक संवाददाता
काठमाडौं, जेठ १



एनआईसी एसिया लघुवित्तले गण्डकी प्रदेशअन्तर्गतको शाखा कार्यालय मगरकोटमा वैशाख २९ गते वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ । स्थानीय जनप्रतिनिधि टेक नारायण महतो तथा मगरकोट उप-प्रदेश कार्यालयका अनुगमन अधिकृत भुवनराज भट्टको उपस्थितिमा सञ्चालन गरिएको कार्यक्रममा शाखाका शाखा प्रमुख गोपाल सुनारलगायत कर्मचारीहरूको पनि उपस्थिति थियो । उक्त कार्यक्रममा करिब ४० जना महिला सदस्यहरूको सहभागिता रहेको थियो ।

यसैगरी लघुवित्तको बाङ्गेसिमल शाखाद्वारा पनि वित्तीय साक्षरता तथा पुनर्ताजगी कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा लघुवित्तका कर्णाली प्रदेश प्रमुख नवराज सिंह, उप-प्रदेश कार्यालय बाङ्गेसिमलका अनुगमन अधिकृत गणेश पुन मगरलगायत बाङ्गेसिमल शाखामा कार्यरत कर्मचारीसहित ५५ जना सदस्यको उपस्थिति थियो ।

लघुवित्तको बेस्तडा शाखा दैलेखले तीन दिने आधारभूत बाख्रापालन तालिम कार्यक्रम सम्पन्न गरेको छ । वैशाख २७ देखि २९ सम्म चलेको तालिममा सहभागी सम्पूर्ण सदस्यहरूले सकारात्मक प्रतिक्रिया दिँदै तालिमले आगामी दिनमा महत्वपूर्ण भूमिका खेल्ने धारणा व्यक्त गरे । कार्यक्रममा भगवतीमाई गाउँपालिकाका अध्यक्ष गणेश बहादुर थापा, उपाध्यक्ष मिना कुमारी खड्का, पशु प्राविधिक प्रशिक्षक गणेश राज जोशी, विनेश परियारलगायतको उपस्थिति थियो ।

# बैंकिङ प्रणालीमा झण्डै ११ करोड संस्थागत निक्षेप राख्दै राष्ट्र बैंक

आर्थिक संवाददाता
काठमाडौं, जेठ १



नेपाल राष्ट्र बैंकले संस्थागत निक्षेप लगानीको लागि प्रस्ताव आह्वान गरेको छ । राष्ट्र बैंकले कर्मचारी सुरक्षण कोषमा रहेको १० करोड ८० लाख रूपैयाँ संस्थागत निक्षेपको रूपमा लगानी गर्न बैंक तथा वित्तीय संस्थाहरूमा राख्न प्रस्ताव आह्वान गरेको हो ।

रकम लगानीको लागि सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरूले यही जेठ चार गतेसम्म आफ्नो संस्थाले संस्थागत निक्षेपको रूपमा राख्न चाहेको रकम र दिन चाहेको व्याज समेत तोकेर प्रस्ताव पेस गर्नुपर्नेछ । यसरी राखिने रकमको अवधि तीन सय ६६ दिन अर्थात् विसं २०८२ जेठ पाँच गतेदेखि विसं २०८३ जेठ पाँच गतेसम्म रहने छ ।

**लगानीको लागि छुट्याएको रकम (रकम रुपैयाँमा)**

| विवरण | लगानीको लागि छुट्याएको रकम |
|---|---|
| वाणिज्य बैंक | ८६४००००० |
| विकास बैंक | १६२००००० |
| फाइनान्स | ५४००००० |
| कुल लगानीयोग्य रकम | १०८०००००० |

(स्रोतः नेपाल राष्ट्र बैंक)

लगानीको लागि छुट्याइएको कुल रकममध्येमा वाणिज्य बैंकहरूको लागि आठ करोड ६४ लाख, विकास बैंकहरूको लागि एक करोड ६२ लाख र फाइनान्स कम्पनीका लागि ५४ लाख रूपैयाँ रहेको छ । रकम लगानीको लागि प्रस्ताव पेश गर्ने बैंक तथा वित्तीय संस्थाहरू सञ्चालनमा आएको कम्तीमा दुई वर्ष पूरा गरेको हुनुपर्नेछ । यीबाहेक तोकिएको न्यूनतम कुल पुँजीकोष (बफर सहित) कायम रहेको, निष्क्रिय कर्जा (एनपीए) कुल कर्जा सापटको आठ प्रतिशतभन्दा कम भएको, खुद निष्क्रिय कर्जा तीन प्रतिशत ननाघेको, खुद तरल सम्पत्ति स्वदेशी निक्षेपको कम्तीमा २० प्रतिशत वा सोभन्दा बढी रहेको हुनुपर्ने प्रावधानहरू तोकिएका छन् ।

कर्जा तथा स्वदेशी निक्षेप र प्राथमिक पुँजी अनुपात यस बैंकले निर्धारण गरेको सीमाभित्र रहेको, सर्वसाधारणको लागि छुट्याइएको सेयर जारी गरिसकेको, निकटतम अघिल्लो आवमा सञ्चालन मुनाफा-व्यवस्थापछिकोमा रहेको, लगानी गरिने बैंकको कुनै पनि सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालकलाई राष्ट्र बैंकले जरिबाना गरेको अवस्थामा त्यस्तो जरिबाना गरिएका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालक बैंकमा नरहेको, शीघ्र सुधारात्मक कारबाहीमा परेको भए फुकुवा भएको कम्तीमा छ महिना पूरा भएको, लगानी गरिने बैंक नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ बमोजिमको कारबाहीमा परी समस्याग्रस्त घोषणा नभएको तथा समस्याग्रस्त घोषणा भएकोमा सो फुकुवा भएको छ महिना अवधि पूरा भएको एवं रियल स्टेट कर्जा बैंकबाट तोकिएको सीमाभन्दा बढी नभएको हुनुपर्ने प्रावधानहरू तोकिएका छन् ।

# सिटिजन्स बैंकद्वारा रामरति विद्यालयलाई पङ्खा सहयोग




काठमाडौं, जेठ १ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत मधेश प्रदेश धनुषा जिल्लाको जनकपुरधाम गाउँपालिका ४ अवस्थित श्री संकट मोचन देवसरन रामरति माध्यमिक विद्यालयलाई पङ्खा सहयोग प्रदान गरेको छ । यस विद्यालयमा करिब एक हजार बालबालिकाहरू अध्ययन गर्दै आइरहेका छन् र अध्ययनरत विद्यार्थीहरूको पठनपाठनमा सहजता होस् भन्ने हेतुले बैंकले सो सहयोग प्रदान गरेको हो ।

विद्यालयमा आयोजित एक समारोहका बीच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले सहयोगस्वरूप पङ्खाहरु हस्तान्तरण गरेका हुन् । समारोहलाई सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृत पोखरेलले बैंकको यो सानो सहयोगले विद्यार्थीहरु लाभान्वित हुने विश्वास व्यक्त गरे । विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई सहयोग प्रदान गर्न पाउँदा आफू हर्षित भएको पनि बताए । आगामी दिनमा पनि बैंकले संस्थागत सामाजिक उत्तरदायीत्व कार्यक्रमअन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिकजस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम सञ्चालन गर्ने योजना रहेको विषय जानकारी गराएको छ ।

विश्वकै प्रतिष्ठित अवार्ड 'बैंक अफ द इयर २०२४' को उपाधि प्राप्त गर्न सफल भएको बैंकले केही समयअघि मात्र फोनपेसँगको सहकार्यमा नेपालमै पहिलो पटक 'सिटिजन्स फोनपे क्रेडिट कार्ड' (भर्चुअल क्रेडिट कार्ड) सञ्चालनमा ल्याएको छ । साथै, नेपालमै पहिलो पटक मोबाइल बैंकिङ एपमार्फत नै सेयर आवेदन र सीआरएन नम्बर सेवा लिन सकिने सुविधा पनि ल्याएको छ । बैंकले देशैभर ६१ जिल्लामा फैलिएका आफ्ना दुई सय वटा शाखा, एक सय ६८ वटा एटीएम, तीन वटा विस्तारित काउन्टर र ७४ वटा शाखारहित बैंकिङ इकाईबाट १८ लाख ८८ हजार ग्राहकलाई आधुनिक बैंकिङ सेवाहरु प्रदान गर्दै आएको छ ।


## निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

शान्त मान गुरुङ्गको नातिनी, यामविर गुरुङ्गको छोरी, सन्तोश गुरुङको पत्नी, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं.०९ बस्ने, यस बैंकको बाम्फापाटन शाखाका खातावाला विन्दु गुरुङ्गको मिति २०८१/१२/०२ मा मृत्यु भएकाले यस बैंकमा रहेको निजको बचत खाता नं. १९७०२२०५३८१०००१३ मा भएको रकम पाउँ भनी निज खातावालाका पति, गोरखा जिल्ला, सिरानचोक गाउँपालिका वडा नं.०१ (साविक केराबारी गा.बि.स वडा नं.०९) बस्ने, सन्तोश गुरुङले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११(२) बमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
शाखा कार्यालय : बाम्फापाटन
फोन नं.०६१-५३१५८१, ५३५७२२

## ग्लोबल आइएमई बैंक लिमिटेडको
## निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

ग्लोबल आइएमई बैंकको बिर्तामोड शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएकी बिष्णु कुमारी बास्कोटाको मिति २०८०/०८/२३ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमान प्रभुराम बास्कोटाबाट मिति २०८२/०१/१५ मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
बिर्तामोड शाखा
फोन नं.: ०२३-५३४७०३/५३६०३८
ग्लोबल कनेक्ट: ०१-५९७०६००

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

कृष्ण लाल तिवारीको नाति, दमला पुरुष तिवारीको छोरा, भक्तपुर जिल्ला सूर्यबिनायक न.पा. वडा नं.४ बस्ने, यस बैंकको मुलपानी शाखा कार्यालयको खातावाला शिब प्रसाद तिवारीको मिति २०८२/०१/०४ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको पत्नि निर्मला तिवारीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

## श्री पब्लिक को-अपरेटिभ लिमिटेड
ललितपुर, धोविघाट-३, ५४२०४४९

### कर्जा रकम भुक्तानी गर्न आउने वारेको अत्यन्त जरुरी सार्वजनिक सूचना

सुचना प्रकाशित मितिः २०८२/०२/०२

यस सहकारी संस्थावाट तपशिलमा उल्लेखित ऋणीले लिएको ऋणको कर्जाको, साँवा, व्याज तथा हर्जाना तिर्न वुझाउन र चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित तर ताकेता गर्दा समेत वेवास्ता गरी कर्जा चुक्ता नगर्नु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा सम्पर्क राखी संस्थामा तिर्न वाँकी सम्पूर्ण वक्यौता रकम चुक्ता पछ्यौंट गर्न गराउनुहुन ऋणी, जमानीकर्ता तथा निजको हक लाग्ने परिवारका सदस्यहरूको अन्य जायजेथावाट समेत संस्थाको ऋण असुली गर्न आवश्यक कानूनी प्रक्रिया शुरू गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

| ऋणीको विवरण | जमानीको विवरण |
|---|---|
| ऋणीको नाम : सिमा भुजेल<br>बुबाको नाम : लाल सिं लामा<br>बाजेको नाम : नर बहादुर लामा<br>स्थायी ठेगाना : भक्तपुर वागेश्वरी -३ | जमानीको नाम : प्रभा योञ्जन श्रेष्ठ<br>बुबाको नाम : प्रविण योञ्जन<br>बाजेको नाम : लाल सिं योञ्जन<br>ठेगाना : काठमाडौं, लाम्पाटी -१३ |

## हकदावीको सूचना

श्री नारायण प्रसाद सिवाकोटीको नातिनी, श्री तिर्थ राज सिवाकोटीको छोरी स्थाई ठेगाना दोलखा जिल्ला, सुस्पाक्षमावती गा.वि.स., वडा नं. ०१ भई हाल भक्तपुर जिल्ला मध्यपुर थिमी नगरपालिका वडा न २ बस्ने वर्ष ६९ की श्रीमती सावित्री देवि पाठकको मिति २०८१/१२/३१ गते मृत्यु भएकोले निजको नाममा यस वैंकमा रहेको वचत खाता नं. ०७९०५०३९०२५४६१८ र मुद्धती खाता नं.०७९०३१४०२५५९३६ मा भएको सम्पूर्ण रकम उपलव्ध गराई पाउँ भनी निजको विवाहीत वहिनी श्रीमती पार्वती सिवाकोटीले आवश्यक कागजात सहित यस वैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक वाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन वैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी वमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB
शाखा कार्यालय, पेप्सीकोला, काठमाण्डौं
फोन न.:- ४९९३०२२/४९९३०३४/४९९३०३५

## मेचीनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

### भुल सुधार सम्बन्धी सूचना

यस मेचीनगर नगरपालिका कार्यालयद्धारा मिति २०८२।०२।०१ गते राष्ट्रिय दैनिक पत्रिका आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार ठेक्का नं **73/Disableassistivedevice/Goods/NCB/Mechi/2081/082** योजनाको नाम **Procurement for Supply of Disable assistive device at Mechinagar Municipality,Jhapa** लागत अनुमान (मु.अ.कर समेत) २४,९७,९२१.५० हुनुपर्नेमा अन्यथा भएकोले सच्याँइएको छ । अन्य जानकारीको लागि **https://www.bolpatra.gov.np/egp** बाट हेर्न सकिनेछ।

अग्नि प्रसाद अधिकरी
प्रमुख प्रशासकिय अधिकृत

## बर्दिबास नगरपालिका
## बर्दिबास नगरकार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी

### बेरुजु बक्यौता रकम दाखिला गर्ने सम्बन्धि ३५(पैतिस) दिने सूचना

प्रथम पटक प्रकाशित मिति-२०८२।०२।०२

बर्दिबास नगर कार्यपालिका नगरकार्य पालिकाको मिति २०७९/०४/०३ मा बसेको बैठकबाट स्वीकृत रोडा ढुंगा गिट्टी बालुवा स्लेट माटो आदीमा अमानतबाट नदीजन्य पदार्थ पालिका बाहिर निकासी गर्दा हुने निकासी राजश्व संकलन गर्ने कार्ययोजना बमोजिम नियुक्त कर संकलकहरुले यस कार्यालयबाट तपशिल बमोजिमका ठेली आफ्नो जिम्मामा लिइ सो ठेली बमोजिम जम्मा भएको रकम यस कार्यालयले विभिन्न मितिहरुमा पटक पटक पत्राचार गर्दा समेत रकम दाखिला नगरेको हुँदा आर्थिक वर्ष २०७९/८० को अन्तिम लेखा परीक्षणको प्रतिवेदनले समेत उक्त बक्यौता रकम ठेलीबाहक निकासी कर्ताबाट उसुलउपर गर्नुपर्ने भनि बेरुजु कायम गरेको तत् पश्चात कार्यालयबाट पुनः पत्राचार गर्दा समेत उक्त रकम दाखिला नगर्नु भएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९० को उपनियम (५) बमोजिम बेरुजु रकम दाखिलाको लागि यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त अवधिभित्र रकम दाखिला नगरेमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ४७ बमोजिम भइजाने व्यहोरा समेत जानकारी गराइन्छ।

तपशिल

| क्र.स. | ठेलीबाहक कर संकलक | ठेली |
|---|---|---|
| १. | पहलमान खत्री | १२०१-१२५० |
| २. | सुमन भण्डारी | १६५१-१७००, ४९०१-४९५० |
| ३. | जुगल किशोर साह | १०१-१५० |
| ४. | राम एकवाल महतो | ४५१-५००, ३२०१-३२५० |
| ५. | नागेन्द्र महतो | ६०१-६५० |
| ६. | अमृत कुमार सिंह | ६३०१-६३५० |
| ७. | सुनिल आले मगर | २१५१-२२०० |

प्रमुख प्रशासकीय अधिकृत

## बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक

### सूचना सूचना सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/०२/०२)

भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं. ७ बस्ने सीता दुमरु प्रथम पक्ष र काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका वडा नं. ८ बस्ने विष्णुमाया के.सी. दोस्रो पक्ष भएको भाडा भराई घर खाली गराई पाऊँ भन्ने विषयमा बनेपा नगरपालिकाको न्यायिक समितिको मिति २०८१/१०/२४ को निर्णय बमोजिम तपाई दोस्रो पक्ष विष्णुमाया के.सी.ले हालसम्म पनि उक्त निर्णयको पालना नगरेको भनी निर्णय कार्यान्वयनको लागि पुनः यस कार्यालयमा प्रथम पक्षबाट निवेदन पर्न आएकोले यो सूचना प्रकाशन भएको मिति ३५ दिनभित्र उक्त घर खाली गराई घर धनीलाई बुझाई सो निर्णय बमोजिमको अन्य दायित्व पूरा गर्नुहोला। अन्यथा नगरपालिकाले निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा आवश्यक प्रक्रियाहरु अघि बढाउने व्यहोरा यही सूचना मार्फत जानकारी गराइन्छ।

बनेपा नगरपालिका
बनेपा, काभ्रेपलाञ्चोक

## भुल सुधार

यस ज्योति विकास बैंक लिमिटेडबाट मिति २०८१/०९/०३ गतेको मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना, २०८१/१२/१४ गतेको मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम विक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचनामा शाखा कार्यालय राजापुर, बर्दियाको ऋणी कालिका बिल्डर्सले यस विकास बैंकमा उपलब्ध गराउनु भएको फर्म दर्ता प्रमाणपत्र अनुसार फर्म दर्ता नं. ३०४/०४९ हुनुपर्नेमा अन्यथा हुन गएकोले उपरोक्त अनुसार हुने गरी भुल सुधार गरिएको छ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : राजापुर, बर्दिया, फोन नं. ०८४-४६०२८८
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

## Kuwait मा रोजगार
Kuwait Aluminum Extrusion Co.
पूर्व स्वीकृति मिति: २०८२/२/१ चलानी नं.: ६०२३७७९० LT No. 323656

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Accountants | 2 | 0 | काममा दक्ष | 150 | ६६,६५०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ बर्ष |
| २. | Aluminium Technician | 20 | 0 | | 135 | ६०,०००।- | | | | | | | |
| ३. | Electrical Technician | 2 | 0 | | 135 | ६०,०००।- | | | | | | | |
| ४. | Factory Labors | 20 | 0 | | 85 | ३७,७७०।- | | | | | | | |
| ५. | Hydraulics Technicians | 2 | 0 | | 135 | ६०,०००।- | | | | | | | |
| ६. | Mechanic-diesel | 1 | 0 | | 150 | ६६,६५०।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००१।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८२ जेष्ठ ९ गते (23 May, 2025) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौमा हुनेछ ।

Dana Human Resource Nepal Pvt. Ltd.
Sinamangal, Kathmandu, Tel.: 01-5923344, 9802373747
Email : dananepalpg@gmail.com , Web: www.dananepal.com
Govt Lic No. 1692/080/81

## Bhotekoshi Rural Municipality
## Office of Rural Municipal Executive
Fulpingkatti, Sindhupalchok

### INVITATION FOR E- Bid

(First Date of Publication: 2082/02/02 (16/05/2025)

Bhotekoshi Rural Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned below under NCB procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Bhotekoshi Rural Municipality website www.bhotekoshimun.gov.np.

| S.N | Project Name | Contract ID | Last Date of Bid Submission | Date of Bid Opening | Bid validity period | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|---|
| 1. | Construction Works of Basic Health Centre Building at Bhotekoshi-5 Sindhupalchok | BRM/W/NCB/081/082/11 | 2082/03/01 (15/06/2025) 12:00 hrs. | 2082/03/01 (15/06/2025) 13:00 hrs. | 90 days | 5,00,000. | 3,000.00 |

Chief Administrative Office

**प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड**
प्रधान कार्यालय कमलादी, काठमाडौं । टेलिफोन नं. ०१-५३५२०१२
इमेलः info@pmlil.com । वेभसाइटः www.pmlil.com

# आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०२/०२**

**श्री शेयरधनी महानुभावज्यूहरु,**

मिति २०८२/०१/३० मा बसेको सञ्चालक समितिको चौविसौं बैठकको निर्णयानुसार यस कम्पनीको आठौं वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा आफू स्वयम् वा रितपूर्वकको प्रतिनिधि मार्फत् उपस्थित हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान :**

| मिति : | स्थान : | समय : |
|---|---|---|
| २०८२/०२/२६ गते, सोमबार । | आम्रपाली ब्याङक्वेट, भाटभटेनी, काठमाडौं । | बिहानको ११:०० बजे । |

**छलफलका विषयहरुः**

**१. साधारण प्रस्ताव**

क. अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

ख. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/८१ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु पारित गर्ने ।

ग. कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम आ.ब.२०८१/८२ को लागि बाह्य लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा । (हालका लेखापरीक्षक पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ)

घ. संचालकहरुको नियुक्ति अनुमोदन गर्ने ।

ङ. प्रबन्धपत्र तथा नियमावलीमा नियमनकारी निकायहरूले फेरबदल, थपघट गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरबदल गर्नु पर्ने भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

**२. विशेष प्रस्ताव :**

क. आ.व.२०८०/८१ को संचित मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजीको ८ प्रतिशतका दरले हुन आउने रकम बराबरको बोनस शेयर वितरण गर्ने तथा सो बापतको हुन आउने कर प्रयोजनको (कर लाग्ने भएमा) निमित्त ०.४२१ प्रतिशत को नगद लाभांश पारित गर्ने ।

ख. सातौं वार्षिक साधारण सभाबाट चुक्ता पूँजीको ७ प्रतिशत हकप्रद शेयर जारी गर्ने निर्णय भएकोमा प्रस्तावित बोनस शेयर वितरण पश्चात नियामक निकायले तोकेको चुक्ता पूँजी कायम हुने भएकोले उक्त निर्णय रद्द गर्ने प्रस्ताव पारित गर्ने ।

ग. बोनश शेयर जारी पश्चात हुन आउने रु. ५,१०,३६,४८,००० बराबर चुक्ता पूँजी कायम गर्ने तथा सोही अनुसार प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

घ. कम्पनी ऐनको दफा १०५ (१) (ग) मा भएको व्यवस्था बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकम अनुमोदन गर्ने ।

**३. विविध**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी जानकारी**

१. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन २०८२/०२/२३ गते शुक्रबार भित्र यस कम्पनीको प्रधान कार्यालय कमलादी, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ ।

२. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएका शेयरधनी आफैं सभामा उपस्थित भएमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वतः रद्ध हुनेछ ।

३. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

४. छलफलको विषय अन्तर्गत विविध शिर्षक सम्बन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको विषयबारे कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित जानकारी दिनुपर्नेछ । त्यस्तो विषय सञ्चालक समितिको अध्यक्षलाई उचित लागेमा मात्र छलफलको लागि समावेश गर्नुपर्नेछ ।

५. शेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका सभापति आफैंले वा सभाका सभापतिबाट आदेश पाएका व्यक्तिबाट उत्तर दिइनेछ ।


६. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिर पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका साधारण सभा सञ्चालन हुने दिन बिहान ९:०० बजेदेखि खुला रहनेछ ।

७. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई वार्षिक प्रतिवेदनका लागि यस कम्पनीको कमलादीस्थित प्रधान कार्यालयमा सम्पर्क गर्न हुन सूचित गरिन्छ । वार्षिक प्रतिवेदन यस कम्पनीको वेबसाइट www.pmlil.com मा समेत उपलब्ध हुने व्यहोरा सुचित गराइन्छ ।

८. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय दिने आधिकारिक परिचयपत्र तथा साधारण सभा प्रयोजनार्थ जारी प्रवेशपत्र वा नागरिकताको प्रमाणपत्र वा शेयर प्रमाणपत्र लिई आउनु हुन अनुरोध गरिन्छ । शेयर अभौतिकिकरण गराई सक्नुभएका शेयरधनी महानुभावहरुको हकमा DEMAT खाता नम्बर र सक्कल आधिकारिक परिचय पत्र अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्नेछ ।

९. उल्लेखित साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेजको काम २०८२ साल जेठ महिना १६ गते शुक्रबारका दिन बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८२ जेठ १४ गते बुधबारसम्म कारोवार भई शेयरधनी किताबमा कायम शेयरधनीहरु सभामा भाग लिन योग्य हुनेछन् ।

१०. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुने छ ।



## Prabhu Mahalaxmi Life Insurance Limited
## Statement of Other Comprehensive Income
For Period 17th July, 2023 - 15th July, 2024 (For the Year Ended Ashad, 2081)

Fig in NPR.

| Particulars | Notes | Current Year | Previous Year |
|---|---|---|---|
| **Net Profit/(Loss) For the Year** | | 378,974,730 | 249,275,834 |
| | | | |
| **Other Comprehensive Income** | | | |
| **a) Items that are or may be Reclassified to Profit or Loss** | | | |
| Changes in Fair Value of FVOCI Debt Instruments | | | |
| Cash Flow Hedge - Effective Portion of Changes in Fair Value | | | |
| Exchange differences on translation of Foreign Operation | | | |
| Share of other comprehensive income of associates accounted for using the equity method | 9 | - | - |
| Income Tax Relating to Above Items | | | |
| Reclassified to Profit or Loss | | | |
| | | | |
| **b) Items that will not be Reclassified to Profit or Loss** | | | |
| Changes in fair value of FVOCI Equity Instruments | | (3,259,384) | (76,481,703) |
| Revaluation of Property and Equipment/ Goodwill & Intangible Assets | | | |
| Remeasurement of Post-Employment Benefit Obligations | | | |
| Share of other comprehensive income of associates accounted for using the equity method | 9 | | |
| Income Tax Relating to Above Items | | 814,846 | 19,120,426 |
| | | | |
| **Total Other Comprehensive Income For the Year, Net of Tax** | | (2,444,538) | (57,361,277) |
| **Total Comprehensive Income For the Year, Net of Tax** | | 376,530,192 | 191,914,557 |

## Prabhu Mahalaxmi Life Insurance Limited
## Statement of Financial Position
As At 15th July, 2024 (Ashad End 2081)

Fig in NPR.

| Particulars | Notes | Current Year | Previous Year |
|---|---|---|---|
| **Assets** | | | |
| Goodwill & Intangible Assets | 4 | 6,800,496 | 5,680,119 |
| Property and Equipment | 5 | 307,620,600 | 213,743,268 |
| Investment Properties | 6 | - | - |
| Deferred Tax Assets | 7 | 220,200,687 | 222,861,156 |
| Investment in Subsidiaries | 8 | - | - |
| Investment in Associates | 9 | - | - |
| Investments | 10 | 13,650,940,467 | 11,049,722,767 |
| Loans | 11 | 1,071,464,525 | 944,831,236 |
| Reinsurance Assets | 12 | - | - |
| Current Tax Assets | 21 | 374,283,366 | 299,658,490 |
| Insurance Receivables | 13 | 700,522 | 12,478,122 |
| Other Assets | 14 | 8,498,104 | 15,445,225 |
| Other Financial Assets | 15 | 224,680,277 | 130,524,846 |
| Cash and Cash Equivalent | 16 | 706,474,782 | 404,439,311 |
| **Total Assets** | | **16,571,663,827** | **13,299,384,540** |
| | | | |
| **Equity & Liabilities** | | | |
| **Equity** | | | |
| Share Capital | 17 (a) | 4,725,600,000 | 4,296,000,000 |
| Share Application Money Pending Allotment | 17 (b) | - | - |
| Share Premium | 17 (c) | 19,352,486 | 19,352,486 |
| Catastrophe Reserves | 17 (d) | 91,497,057 | 72,325,997 |
| Retained Earnings | 17 (e) | 545,273,648 | 618,907,910 |
| Other Equity | 17 (f) | 106,239,481 | 109,681,768 |
| **Total Equity** | | **5,487,962,672** | **2,537,856,712** |
| | | | |
| **Liabilities** | | | |
| Provisions | 18 | 87,372,881 | 96,503,671 |
| Gross Insurance Contract Liabilities | 19 | 10,288,286,461 | 7,412,418,792 |
| Deferred Tax Liabilities | 7 | - | - |
| Insurance Payable | 20 | 185,766,595 | 317,816,064 |
| Current Tax Liabilities | 21 | - | - |
| Borrowings | 22 | - | - |
| Other Liabilities | 23 | 277,304,546 | 169,726,046 |
| Other Financial Liabilities | 24 | 244,970,671 | 186,651,804 |
| **Total Liabilities** | | **11,083,701,154** | **8,183,116,378** |
| **Total Equity and Liabilities** | | **16,571,663,827** | **13,299,384,540** |

## Prabhu Mahalaxmi Life Insurance Limited
## Statement of Profit or Loss
For Period 17th July, 2023 - 15th July, 2024 (For the Year Ended Ashad, 2081)

Fig in NPR.

| Particulars | Notes | Current Year | Previous Year |
|---|---|---|---|
| **Income** | | | |
| Gross Earned Premiums | 25 | 4,372,334,997 | 2,051,928,477 |
| Premiums Ceded | 26 | 134,329,962 | 137,317,651 |
| **Net Earned Premiums** | | 4,238,005,035 | 1,914,610,826 |
| Commission Income | 27 | 26,523,425 | 2,680,680 |
| Other Direct Income | 28 | 25,359,928 | 9,728,127 |
| Interest Income on Loan to Policyholders | 11 | 98,688,452 | 51,826,102 |
| Income from Investments and Loans | 29 | 1,159,048,140 | 525,086,286 |
| Net Gain/(Loss) on Fair Value Changes | 30 | 27,223,436 | - |
| Net Realised Gains/(Losses) | 31 | 25,823,057 | 5,925,336 |
| Other Income | 32 | 11,867,679 | 5,055,038 |
| **Total Income** | | 5,612,539,151 | 2,514,912,395 |
| **Expenses** | | | |
| Gross Benefits and Claims Paid | 33 | 1,079,133,545 | 911,939,766 |
| Claims Ceded | 33 | 54,695,286 | 25,624,792 |
| Gross Change in Contract Liabilities | 34 | 2,872,798,179 | 605,090,009 |
| Change in Contract Liabities Ceded to Reinsurers | 34 | - | - |
| **Net Benefits and Claims Incurred** | | 3,897,236,438 | 1,491,404,983 |
| Commission Expenses | 35 | 489,606,175 | 283,715,753 |
| Service Fees | 36 | 31,785,038 | 15,770,946 |
| Other Direct expenses | 37 | - | - |
| Employee Benefits Expenses | 38 | 471,880,220 | 250,446,430 |
| Depreciation and Amortization Expenses | 39 | 67,575,255 | 43,316,131 |
| Impairment Losses | 40 | (937,928) | 260,250 |
| Other Operating Expenses | 41 | 252,165,773 | 169,049,300 |
| Finance Cost | 42 | 19,806,985 | 6,348,594 |
| **Total Expenses** | | 5,229,117,957 | 2,260,312,387 |
| **Net Profit/(Loss) For The Year Before Share of Net Profits of Associates Accounted for Using Equity Method and Tax** | | 383,421,195 | 254,600,009 |
| Share of Net Profit of Associates accounted using Equity Method | 9 | - | - |
| **Profit Before Tax** | | 383,421,195 | 254,600,009 |
| Income Tax Expense | 43 | 4,446,465 | 5,324,175 |
| **Net Profit/(Loss) For The Year** | | 378,974,730 | 249,275,834 |
| **Earning Per Share** | 51 | | |
| Basic EPS | | 8.02 | 5.80 |
| Diluted EPS | | 8.02 | 5.80 |

## Prabhu Mahalaxmi Life Insurance Limited
## Statement of Changes in Equity
For Period 17th July, 2023 - 15th July, 2024 (For the Year Ended Ashad, 2081)

*Previous Year*

Fig in NPR.

| | Ordinary Share Capital | Preference Shares | Share Application Money Pending Allotment | Share Premium | Retained Earnings | Revaluation Reserves | Capital Reserves | Catastrophe Reserve | Corporate Social Responsibility (CSR) Reserves | Insurance Fund | Fair Value Reserves | Actuarial Reserves | Deferred Tax Reserve | Regulatory Reserves | Non-Controlling Interest | Capital Adjustment Reserve | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Balance as on Shrawan 1, 2079** | 2,196,000,000 | | | | 87,887,415 | | | 34,166,744 | 918,976 | | (24,164,396) | | 186,090,252 | 57,357,257 | - | | 2,538,256,249 |
| Prior period adjustment | | | | | | | | | | | | | | | | | |
| **Restated Balance as at Shrawan 1, 2079** | 2,196,000,000 | - | - | - | 87,887,415 | - | - | 34,166,744 | 918,976 | - | (24,164,396) | - | 186,090,252 | 57,357,257 | - | - | 2,538,256,249 |
| Transfer as a result of Merger & Acquisition | | | | 19,352,486 | 269,819,705 | | | 24,312,846 | 1,826,434 | | (10,031,719) | | 12,464,287 | | | | 317,744,038 |
| Capital Adjustment Reserve (Goodwill-Merger) | | | | | | | | | | | | | | | | 3,965,276 | 3,965,276 |
| Profit/(Loss) For the Year | | | | | 249,275,834 | | | | | | | | | | | | 249,275,834 |
| Other Comprehensive Income for the Year, Net of Tax | | | | | | | | | | | | | | | | | - |
| i) Changes in Fair Value of FVOCI Debt Instruments | | | | | | | | | | | | | | | | | - |
| ii) Gains/ (Losses) on Cash Flow Hedge | | | | | | | | | | | | | | | | | - |
| iii) Exchange differences on translation of Foreign Operation | | | | | | | | | | | | | | | | | - |
| iv) Changes in fair value of FVOCI Equity Instruments | | | | | | | | | | | (57,361,277) | | | | | | (57,361,277) |
| v) Revaluation of Property and Equipment/ Goodwill & Intangible Assets | | | | | | | | | | | | | | | | | - |
| vi) Remeasurement of Post-Employment Benefit Obligations | | | | | | | | | | | | | | | | | - |
| Transfer to Reserves/ Funds | | | | | (14,387,661) | | | 12,730,000 | 2,546,000 | | | | (888,340) | (35,029,130) | | | (35,029,130) |
| Transfer to Deferred Tax Reserves | | | | | 5,324,175 | | | | | | | | (5,324,175) | | | | - |
| Transfer of Depreciation on Revaluation of Property and Equipment | | | | | | | | | | | | | | | | | - |
| Transfer on Disposal of Revalued Property and Equipment | | | | | | | | | | | | | | | | | - |
| Transfer on Disposal of Equity Instruments Measured at FVTOCI | | | | | | | | | | | | | | | | | - |
| Transfer from Regulatory Reserve | | | | | 20,988,440 | | | 1,116,406 | 223,281 | | | | | (22,328,127) | | | (0) |
| Share Issuance Costs | | | | | | | | | | | | | | | | | - |
| Contribution by/ Distribution to the owners of the Company | | | | | | | | | | | | | | | | | - |
| i) Bonus Share Issued | | | | | | | | | | | | | | | | | - |
| ii) Share Issue | 2,100,000,000 | | | | | | | | | | | | | | | | 2,100,000,000 |
| iii) Cash Dividend | | | | | | | | | | | | | | | | | - |
| iv) Dividend Distribution Tax | | | | | | | | | | | | | | | | | - |
| v) Others (To be specified) | | | | | | | | | (582,831) | | | | | | | | 2,100,000,000 |
| **Balance as on Ashadh end, 2080** | 4,296,000,000 | - | - | 19,352,486 | 618,907,910 | - | - | 72,325,997 | 4,931,860 | - | (91,557,392) | - | 192,342,025 | | - | 3,965,276 | 5,116,268,158 |

*Current Year*

Fig in NPR.

| | Ordinary Share Capital | Preference Shares | Share Application Money Pending Allotment | Share Premium | Retained Earnings | Revaluation Reserves | Capital Reserves | Catastrophe Reserve | Corporate Social Responsibility (CSR) Reserves | Insurance Fund | Fair Value Reserves | Actuarial Reserves | Deferred Tax Reserve | Regulatory Reserves | Non-Controlling Interest | Capital Adjustment Reserve | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Balance as on Ashadh end, 2080** | 4,296,000,000 | - | - | 19,352,486 | 618,907,908 | | - | 72,325,997 | 4,931,860 | | (91,557,392) | - | 192,342,025 | | - | 3,965,276 | 5,116,268,158 |
| Prior period adjustment | | | | - | 2,114,620 | | | | | | | | | - | - | | 2,114,620 |
| **Restated Balance as at Shrawan 1, 2080** | 4,296,000,000 | | | 19,352,486 | 621,022,528 | | | 72,325,997 | 4,931,860 | | (91,557,392) | | 192,342,025 | | | 3,965,276 | 5,118,382,779 |
| Profit/(Loss) For the Year | | | | | 378,974,730 | | | | | | | | | | | | 378,974,730 |
| Other Comprehensive Income for the Year, Net of Tax | | | | | | | | | | | | | | | | | - |
| i) Changes in Fair Value of FVOCI Debt Instruments | | | | | | | | | | | | | | | | | - |
| ii) Gains/ (Losses) on Cash Flow Hedge | | | | | | | | | | | | | | | | | - |
| iii) Exchange differences on translation of Foreign Operation | | | | | | | | | | | | | | | | | - |
| iv) Changes in fair value of FVOCI Equity Instruments | | | | | | | | | | | (2,444,538) | | | | | | (2,444,538) |
| v) Revaluation of Property and Equipments/ Goodwill & Intangible Assets | | | | | | | | | | | | | | | | | - |
| vi) Remeasurement of Post-Employment Benefit Obligations | | | | | | | | | | | | | | | | | - |
| Transfer to Reserves/ Funds | | | | | (23,005,272) | | | 19,171,060 | 3,834,212 | | | | | | | | - |
| Transfer to Deferred Tax Reserves | | | | | 3,475,315 | | | | | | | | (3,475,315) | | | | - |
| Transfer of Depreciation on Revaluation of Property and Equipment | | | | | | | | | | | | | | | | | - |
| Transfer on Disposal of Revalued Property and Equipment | | | | | | | | | | | | | | | | | - |
| Transfer on Disposal of Equity Instruments Measured at FVTOCI | | | | | 1,631,840 | | | | | | | | | | | | 1,631,840 |
| Transfer to Insurance Contract Liabilities | | | | | | | | | | | | | | | | | - |
| Transfer from Regulatory Reserve | | | | | (6,123,000) | | | | | | | | | | | | (6,123,000) |
| Share Issuance Costs | | | | | | | | | | | | | | | | | - |
| Contribution by/ Distribution to the owners of the Company | | | | | | | | | | | | | | | | | - |
| i) Bonus Share Issued | 429,600,000 | | | | (429,600,000) | | | | | | | | | | | | - |
| ii) Share Issue | | | | | | | | | | | | | | | | | (1,102,495) |
| iii) Cash Dividend | | | | | (1,102,495) | | | | | | | | | | | | - |
| iv) Dividend Distribution Tax | | | | | | | | | | | | | | | | | - |
| v) CSR Expenses during the year | | | | | | | | | (1,356,646) | | | | | | | | (1,356,646) |
| **Balance as on Ashadh end, 2081** | 4,725,600,000 | - | - | 19,352,486 | 545,273,648 | | - | 91,497,057 | 7,409,426 | - | (94,001,930) | - | 188,866,710 | - | - | 3,965,276 | 5,487,962,670 |

# सबै आर्थिक क्रियाकलापलाई कर प्रणालीमा समेट्न सुझाव

आर्थिक संवाददाता
काठमाडौँ, जेठ १

राजस्व परामर्श समितिले सबै प्रकारका आर्थिक क्रियाकलापलाई कर प्रणालीमा समेट्न र कर आधार विस्तार गर्न सुझाव दिएको छ ।

समितिले डिजिटल कारोबारलाई ध्यानमा राख्दै विद्युतीय सेवा करको दायरा बढाउन, अन्तर्राष्ट्रिय सेवाप्रदायकहरूबाट प्राप्त तथ्याङ्कको व्यवस्थापन गर्न, घर-जग्गा कारोबारजस्ता क्रियाकलापहरूलाई व्यावसायिकरूपमा वर्गीकृत गरी करयोग्य बनाउन पनि सुझाव दिएको छ । पुँजीगत लाभकरको अभिलेखलाई प्रविधिमैत्री र पारदर्शी बनाउन, करदातासम्बन्धी तथ्याङ्क तथा आर्थिक विवरणहरूको अन्तर-आबद्धता कायम गर्ने प्रणाली विकास गर्नुपर्ने समितिको राय छ ।



त्यस्तै, भन्सार प्रणालीमा व्यापक सुधार आवश्यक रहेको उल्लेख गर्दै कर संकलनको सुदृढीकरणसँगै व्यापार सहजीकरणलाई सुनिश्चित गर्न सिफारिस गरिएको छ । भन्सार दरहरूको पुनरावलोकन गरी आन्तरिक उत्पादनलाई संरक्षण गर्ने नीतिगत समायोजन गर्नुपर्ने, मूल्याङ्कन प्रणालीमा विश्वव्यापी मान्यता प्राप्त मापदण्ड अपनाउनुपर्ने, भन्सार प्रक्रियालाई अझ सरल, पारदर्शी र सूचना प्रविधिमैत्री बनाउँदै डिजिटल प्रणालीहरु प्रयोगमा ल्याउनुपर्ने सुझाव दिइएको छ ।

समितिले सरकारको आयको विविधिकरण गर्न गैरकर स्रोतहरूको पहिचान, दर पुनरावलोकन तथा संस्थागत संरचना सुदृढ गर्नुपर्ने सुझाव दिएको छ । समितिले यी स्रोतहरूलाई अधिक प्रभावकारीरूपमा परिचालन गर्न दरहरु यथार्थपरक बनाउनुपर्ने, संग्रह प्रणाली पारदर्शी र डिजिटल बनाउनु पर्ने र राजस्व संकलनको उत्तरदायित्व स्पष्ट गरिनुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय सरकारबीच राजस्व अधिकार बाँडफाँट गर्दा देखिएको दोहोरोपन हटाउन स्पष्ट नीति र कानुनी आधार तयार गर्नुपर्ने उल्लेख छ । गैरकर स्रोतको प्रक्षेपण, लक्ष्य निर्धारण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने संयन्त्र स्थापित गर्नुपर्ने र बजेटमा यथोचित प्रतिबिम्ब हुने गरी कार्यविधिहरु बनाउन पनि सुझाव दिइएको छ ।

अर्थ मन्त्रालयमा आयोजित कार्यक्रममा समितिका संयोजक रहेका राजस्व सचिव दिनेशकुमार घिमिरेले अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई सुझावसहितको प्रतिवेदन बुझाएका हुन् । अर्थमन्त्री पौडेलले समितिले दिएका सुझावहरु आगामी बजेट निर्माणका लागि महत्वपूर्ण हुने बताए ।

# दोलखाका स्थानीय तहको बेरुजु १४ करोड, सबैभन्दा धेरै बिगुमा

सुबास बस्नेत
दोलखा, जेठ १




जिल्लाका स्थानीय तहहरूको बेरूजु १४ करोड रूपैयाँभन्दा बढी देखिएको छ । महालेखा परीक्षकको ६२औं वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०/८१ मा यहाँका नौ स्थानीय तहको बेरूजु १४ करोड ३९ लाख ८८ हजार रूपैयाँ रहेको छ ।

दुई नगरपालिका र सात गाउँपालिकामध्ये सबैभन्दा बढी बेरूजु बिगु गाउँपालिकामा देखिएको छ भने सबैभन्दा कम जिरी नगरपालिकाको रहेको छ । विगु गाउँपालिकाको पाँच करोड ४३ लाख ४५ हजार बेरूजु देखिएको छ भने जिरीको सबैभन्दा कम १७ लाख ४२ हजार रूपैयाँ रहेको छ । त्यसैगरी भीमेश्वर नगरपालिकाको बेरूजु तीन करोड १५ लाख दुई हजार रूपैयाँ, कालिञ्चोक गाउँपालिकाको एक करोड ९१ लाख ९४ हजार, गौरीशंकर गाउँपालिकाको बेरूजु दुई करोड नौ लाख ९४ हजार रूपैयाँ बेरूजु रहेको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ ।

जिल्लाको तामाकोशी गाउँपालिकाको बेरूजु ८७ लाख १० हजार रूपैयाँ, मेलुङ गाउँपालिकाको बेरूजु ६८ लाख ७७ हजार रूपैयाँ, बैतेश्वर गाउँपालिकाको बेरूजु एक करोड ३३ लाख २४ हजार रूपैयाँ र शैलुङ गाउँपालिकाको बेरूजु एक करोड ५७ लाख ८६ हजार रूपैयाँ रहेको छ । समग्रमा बागमती प्रदेशमा कुल बजेटको एक दशमलव ८२ प्रतिशत रकम बेरूजु रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

नेपाल राष्ट्र बैंकबाट 'ग' बर्गको इजाजत प्राप्त संस्था
Progressive Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड
कर्पोरेट कार्यालय : तिनकुने, काठमाण्डौं
फोन : ०१-५१९९६६४, ५१९९६६५

## प्रोग्रेशिभ फाइनान्स लिमिटेडको धितो लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२/०२/०२ गतेको आर्थिक राष्ट्रिय दैनिक)

यस प्रोग्रेशिभ फाइनान्स लिमिटेडको तपसिलको शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीको ऋण कर्जाको समय समयमा तिर्न बुझाउनपर्ने साँवा, ब्याज आदि नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएको एवं मिति २०८१/०६/३० गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई फाइनान्ससँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी फाइनान्सको नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा उक्त सम्पत्ति के कति मूल्यमा खरिद गरी लिने सो खुलाई इच्छुक व्यक्ति तथा संस्थाहरुले बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रहि आफूले कबुल गरेको रकमको १०(दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको भौचर संलग्न गरि यो सूचना प्रकाशित भएको मितिले **१५ दिन भित्र** गोप्य शिलबन्दी बोलपत्र फारम रितपूर्वक भरी कार्यालय समय भित्र यस फाइनान्समा पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन (सो दिन सार्वजनिक विदा परेमा सो को लगतै फाइनान्स खुलेको दिन) फाइनान्सको केन्द्रीय कार्यालय, तिनकुने, काठमाण्डौमा दिउसोको ठीक २:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलामको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । कुनै पनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा कारण खुलाई वा नखुलाई प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने वा फाइनान्स आफैंले सकार गरि लिने समेत सम्पूर्ण अधिकार यस फाइनान्समा सुरक्षित रहनेछ । बोलपत्र फारम एक प्रतिको रु.५००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने गरी यस फाइनान्समा उपलब्ध छ । अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम लागु हुनेछ । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राइटर/सञ्चालक एवं सम्बद्ध सबैलाई नियम अनुसार कालो सूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि फाइनान्सको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम कारबाही गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्याद भित्र फाइनान्समा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विशेष अनुरोध गरिएको छ ।

तपसिल :

| ऋणीको नाम, ठेगाना र तिन पुस्ते विवरण | व्यक्तिगत धनजमानीकर्ताको विवरण |
|---|---|
| १. क) **ऋणीको नाम: आर एम ट्रेड एण्ड सप्लायर्स**<br>स्थायी ठेगाना : काठमाण्डौं महा.न.पा.-३१, काठमाण्डौं<br>दर्ता नं : ३-३५-३८२-१६०७६२/२०७९/८०,<br>दर्ता मिति : २०७९/०५/०८<br>पान नं. : ६१८६२०६१०, दर्ता मिति : २०७९/०५/०९<br>**प्रोप्राइटरको नाम: राज कुमार कडेल**<br>ख) **ऋणीको नाम: लालिगुरास ट्रेडर्स**<br>स्थायी ठेगाना: काठमाण्डौं महानगरपालिका-०७,काठमाण्डौं<br>दर्ता नं : ३-३५-३८२-१८४/२०८०/८१,<br>दर्ता मिति : २०८०/०५/१७<br>पान नं. : ६१८६२०६१०, दर्ता मिति : २०७९/०५/०९<br>**प्रोप्राइटरको नाम: राज कुमार कडेल**<br>**कर्जा शिर्षक : क) सरल व्यवसायिक आवधिक कर्जा**<br>**ख) चालु पूँजी कर्जा**<br>**शाखा कार्यालय : तिनकुने, काठमाण्डौं** | क) **नाम: राज कुमार कडेल**<br>बाबुको नाम : चित्र बहादुर कडेल<br>बाजेको नाम : जगत बहादुर कडेल<br>ठेगाना : ज्यामिरे-०२, सिन्धुपाल्चोक<br>ना.प्र.नं : २४३०६५/१३३<br>जारी मिति : २०७०/०२/२१<br>जारी जिल्ला: सिन्धुपाल्चोक<br>ख) **नाम: चित्र बहादुर कडेल**<br>बाबुको नाम : जगत बहादुर कडेल<br>बाजेको नाम: नैन सिह कडेल<br>ठेगाना : ज्यामिरे-०२, सिन्धुपाल्चोक<br>ना.प्र.नं : ८५१/५२९८४<br>जारी मिति: २०४५/१०/२०<br>जारी जिल्ला: सिन्धुपाल्चोक |
| ***नोट: ऋणी आर एम ट्रेड एण्ड सप्लायर्स र ऋणी लालिगुरास ट्रेडर्सको प्रोप्राइटर, व्यक्तिगत धनजमानीकर्ता र सुरक्षण धितो एउटै रहेको ।*** | |
| **सुरक्षण धितोको विवरण:** जगत बहादुर कडेलको नाति चित्र बहादुर कडेलको छोरा राज कुमार कडेलको नाममा जिल्ला मालपोत कार्यालय सिन्धुपाल्चोकमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला मेलम्ची गा.वि.स. वडा नं.-०३ स्थित कित्ता नं. १५५८ को क्षेत्रफल १-०-०-०(रोपनी) र सिन्धुपाल्चोक जिल्ला नवलपुर गा.वि.स. वडा नं.-०८ स्थित कित्ता नं. ७३६ को क्षेत्रफल ०-८-१-२ (रोपनी) जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

*पुनश्च:* ऋणी धितो लेखिदिने तथा व्यक्तिगत धनजमानी दिनेहरुलाई सूचना उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादै भित्र शिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम् उपस्थित भै लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा फाइनान्स आफैले सकार गर्दा समेत साविकमा फाइनान्सबाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा फाइनान्स आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मुल्यमा लिलाम बिक्री भयो वा फाइनान्स आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै त्यहाँहरुबाट फाइनान्सको कर्जा भुक्तानी नगरी धितो सम्पत्ति अन्य कोही कसैले सकार लिएमा वा फाइनान्स आफैले सकार गरेमा वा नगरेमा समेत यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र उक्त जग्गा तथा घर खाली गरी फाइनान्सलाई हस्तान्तरण गर्नुहुन समेत सूचित गरिएको छ । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी फाइनान्स आफैले सकार गर्दा समेत फाइनान्सको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य सम्पत्तिबाट असुल उपर गरीने व्यहोरा समेत यसै सूचनाबाट थप जानकारी गराइएको छ ।

**धितो लिलामी सम्वन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम फाइनान्सको सम्बन्धित शाखा कार्यालय वा कर्पोरेट कार्यालय, तिनकुने, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखिला खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दै-दस्तुर सकार कर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा फाइनान्सको कर्पोरेट कार्यालय, तिनकुने वा सम्बन्धित शाखामा सम्पर्क राख्नुहोला ।
४. धितो लिलाम गोप्य शिलबन्दी बोलपत्रमा भागलिने ब्यक्तिले कबोल अंकको कम्तीमा १० प्रतिशतले हुने रकम प्रोग्रेशिभ फाइनान्स लिमिटेडको कार्पोरेट अफिसमा रहेको Payable Auction Deposit नामको खाता नं. ५०११०००००००५९२ मा नगद जम्मा गरी वा प्रोग्रेशिभ फाइनान्स लिमिटेडको नाममा खिचिएको Good for Payment Cheque धरौटी राख्नु पर्नेछ र सक्कल भौचर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ । बाँकी रकम धितो बिक्री जनाउ पाएपछि दाखिला गरी धितो नामसारी गरिनेछ ।
५. अन्य जानकारीका लागि संस्थामा सम्पर्क गर्नुहोला ।

# मानसिक स्वास्थ्य समस्या सम्बोधन गर्न जनशक्ति थप्ने तयारी

आर्थिक संवाददाता
काठमाडौ, जेठ १

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मानसिक स्वास्थ्यका समस्या समाधान गर्न जनशक्ति थप्ने तयारी थालेको छ । यसका लागि मन्त्रालयले मानसिक स्वास्थ्य क्षेत्रमा क्रियाशील संघ संस्थाबीच काममा दोहोरोपना हटाउन तथा सहकार्य बढाउन छलफल सुरु गरेको छ ।



मानसिक स्वास्थ्यका समस्या गम्भीर बन्दै गइरहेको भन्दै मन्त्रालयले यस क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग सहकार्यको प्रयास अघि बढाएको हो । मन्त्रालयमा आयोजित बैठकमा स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले मानसिक स्वास्थ्य अहिले गम्भीर स्वास्थ्य चुनौतीका रूपमा देखापर्न लागेकाले यसलाई सम्बोधन गर्न आवश्यक सबै उपायबारे छलफल गरेर मन्त्रालयले नीति तथा कार्यक्रम तर्जुमा गर्ने बताए ।

'मानसिक रोगीका संख्या दिन प्रतिदिन बढिरहेका छन् । यो समस्याबाट सबै जनसंख्या प्रभावित हुन सक्ने देखिएको छ,' उनले भने, 'यसको सम्बोधन कसरी प्रभावकारी गर्न सकिन्छ भनेर हामीले प्रयास थालेका छौं ।' तर यस क्षेत्रमा काम गर्नेले दोहोऱ्याएर नभै क्षेत्र तोकेर काम गर्न आवश्यक रहेको भन्दै त्यसका लागि मन्त्रालयले समन्वय गर्ने मन्त्री पौडेलको भनाइ छ ।

मन्त्रालयले यसका लागि मानसिक स्वास्थ्यसम्बन्धी जनशक्ति थप गर्ने योजना अघि बढाइरहेको पनि बताए । 'बालबालिकामा पनि यस्तो समस्या नआओस् भनेर शिक्षा मन्त्रालयसँग मिलेर विद्यालय पाठ्यपुस्तकमा स्वास्थ्य शिक्षा अनिवार्य गरेर मानसिक स्वास्थ्यका विषय समेत राख्ने तयारी अघि बढेको छ,' मन्त्री पौडेलले भने । उनले विद्यालय पुस्तकमा मनोसामाजिक परामर्श र मानसिक स्वास्थ्यबारे जानकारी समावेश गरिने पनि बताए । उनले विद्यालय स्वास्थ्य दूत कार्यक्रम घोषणा गरेको स्मरण गर्दै आगामी बजेटमा विद्यालय तहसम्म यो कार्यक्रममार्फत बालबालिकामा मानसिक स्वास्थ्यसम्बन्धी सजगता बढाउन प्रयास गरिने बताए ।

'हामी यो समस्या समाधानमा तीन वटै सरकारको सहकार्य गरेर अघि बढ्दैछौं,' उनले भने, 'तब मात्र प्रभावकारीरूपमा मानसिक स्वास्थ्य समस्या सम्बोधन गर्न सकिन्छ ।' मन्त्री पौडेलले संस्थागत विद्यालयमा समेत विद्यालय नर्स कार्यक्रम लैजानेबारे शिक्षा मन्त्रालयसँग सहकार्य गरिने प्रतिबद्धता जनाए ।

# औद्योगिक कोरिडोरमा नियमित विद्युत् आपूति गर्न माग

आर्थिक संवाददाता
विराटनगर, जेठ १

सुनसरी, मोरङ, विराटनगर-रानी, विराटनगर-कटहरी औद्योगिक करिडोरमा नियमित विद्युत् आपूर्ति गर्न उद्योगी व्यवसायीले माग गरेका छन् ।

पूर्वी कोरिडोरमा हाल दैनिक ८ देखि १० घण्टासम्म विद्युत् आपूर्ति बन्द हुन थालेपछि उद्योग संगठन मोरङले नेपाल विद्युत् प्राधिकरणको ध्यानाकर्षण गराएको हो । संगठनले विनासूचना भइरहेको विद्युत् कटौतीले उद्योग व्यवसायको नियमित सञ्चालनमा व्यवधान सिर्जना भएको जनाएको छ । विद्युत् कटौतीले गर्दा उद्योगले उत्पादन समेत कटौती गर्न बाध्य हुँदा दैनिक करौडौंको आर्थिक नोक्सानी व्यहोर्नु परिरहेको भन्दै संगठनले विद्युत् प्राधिकरणलाई संवेदनशील हुन आग्रह गरेको छ । हरेक वर्ष सुख्खायाममा विद्युत् आपूर्ति कमी भई उद्योग व्यवसायमा अवरोध हुँदै आएको तथ्य र तथ्याङ्कसहित संगठनले




बारम्बार ध्यानाकर्षण गराउँदा समेत दीर्घकालीन समाधानका लागि नियामक निकायबाट कुनै ठोस योजना नआएको जनाएको छ ।

उद्योग व्यवसायको समस्यालाई गम्भीरतापूर्वक नलिने प्रवृत्तिले प्राधिकरण निजी क्षेत्रको प्रताडनाबाट संवेदनशील नभएको अनुभूति भएको संगठनका अध्यक्ष राकेश सुरानाले बताए । प्राधिकरणको नयाँ नेतृत्व विद्युत्को नियमित आपूर्ति र गुणस्तर सुधारमा केन्द्रित हुने अपेक्षा लिए पनि त्यसतर्फ प्राधिकरणले खासै चासो नदेखाई नाफा र नोक्सानीमा मात्रै केन्द्रित हुन थालेको अध्यक्ष सुरानाको भनाइ छ । उनले सुख्खायाममा एकातर्फ विद्युत् महसुल बढी लिने र अर्कातर्फ विद्युत् निरन्तर आपूर्ति समेत नगरिदिनाले उद्योग व्यवसाय दोहोरो मारमा परेको बताए । उद्योग व्यवसाय क्षेत्रले सुख्खायाममा निरन्तर विद्युत् आपूर्तिको अभाव व्यहोर्नुपरेको उनको गुनासो छ ।

यसबाट समग्र औद्योगिक क्षेत्रको मूल्य शृंखलामा परेको नकारात्मक प्रभावलाई गम्भीरतापूर्वक लिई विद्युत् आपूर्तिको समस्यालाई दीर्घकालीनरूपमा समाधान गर्नका साथै नियमित आपूर्तिको व्यवस्था गर्न प्राधिकरणसँग संगठनले माग पनि गरेको छ ।

# 'मेरिटोक्रेसीका आधारमा क्षमतावान व्यक्ति गभर्नरमा नियुक्त हुन्छ'

आर्थिक संवाददाता
काठमाडौ, जेठ १

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल राष्ट्र बैंकको रिक्त गभर्नरमा मेरिटोक्रेसीका आधारमा क्षमतावान व्यक्ति नियुक्त हुने बताएका छन् ।

पूर्व योजनाकार मञ्च नेपालको औपचारिक शुभारम्भ कार्यक्रममा प्रधानमन्त्री ओलीले व्यक्तिगत निकटताका आधारमा नभई योग्यताक्रमका आधारमा क्षमतावान व्यक्तिलाई गभर्नर नियुक्ति गर्ने पक्षमा आफू रहेको बताए । 'राष्ट्र बैंकमा मेरो कोही ल्याउनु छैन । मेरिटोक्रेसीका आधारमा क्षमतावान मान्छे ल्याउने हो । काम गर्न सक्ने मान्छे भए देशलाई भइहाल्छ', उनले भने, 'मेरो मान्छे भन्ने चाहिँदैन । म प्रधानमन्त्री हो तर सरकारमा म मात्र छैन । त्यसैले म सकेसम्म मेरिटोक्रेसीलाई महत्व दिन्छु ।'

कार्यक्रममा उनले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको अध्यक्ष र सदस्यमा पनि सिफारिस समितिको सिफारिसका आधारमा क्षमता भएका व्यक्ति नियुक्त गरिएको स्पष्ट पारे । एक आयोगका अध्यक्षलाई मुख्यसचिव हुँदा चिनेकोबाहेक अरू पदाधिकारीसँग आफ्नो व्यक्तिगत चिनजान र सम्बन्ध नरहेको उनको भनाइ थियो ।

Find us on : facebook/ aarthikdainik

आर्थिक दैनिक प्रा.लि.द्वारा प्रकाशित । अध्यक्ष : प्रह्लाद रिजाल । एक्सप्रेस कलर प्रेस कं.बाट मुद्रित । कार्यालय : कुपण्डोल, ललितपुर । फोन : ०१-५९०२१३६, फ्याक्स : ०१-५९०२१३९ e-mail : aarthik .dainik@gmail .com । सम्पादक : रामप्रसाद पुडासैनी